# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक १९१ | काठमाडौं | बिहिबार, २२ कात्तिक २०८१ | Prabhab National Daily | Thursday, November 07, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




छठ पर्वका लागि सजाइएको पर्साको वीरगञ्जस्थित घडीअर्वा पोखरीमा बुधबार साँझ देखिएको मनमोहक दृश्य । मंगलबारबाट सुरू भएको छठ पर्वको मुख्य दिन आज साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर व्रत सुरु गरिन्छ । शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य चढाएपछि छठ पर्व सम्पन्न हुन्छ । *तस्बिरः विजयकुमार महतो/रासस*

# हवाइट हाउसमा ट्रम्पको 'कम्ब्याक'

- डेमोक्र्याट्स पार्टीबाट उम्मेदवार बनेकी कमला ह्यारिसलाई पराजित गर्दै डोनाल्ड ट्रम्प दोस्रो कार्यकालका लागि राष्ट्रपति निर्वाचित
- यसअघि ट्रम्पभैं चार वर्षको अन्तरालमा ग्रोभर क्लिभलेन्ड (सन् १८९२) दोस्रोपटक हवाइट हाउस छिरेका थिए
- ट्रम्पले दुईपटक महिला प्रत्यासी पाए, तर अमेरिकाले आफ्नो राष्ट्रपतिमा महिलालाई दोस्रोपटक पनि स्वीकारेन
- डेमोक्र्याट्सले यो निर्वाचनबाट माथिल्लो सदन सिनेट र तल्लो सदन हाउसमा पनि आफ्नो वर्चस्व गुमाएको छ




**■ प्रवास ब्युरो**

**काठमाडौं–** हवाइट हाउसमा जसरी पनि दोस्रोपटक बिताउने रिपब्लिकन पार्टीका नेता एवं पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको चाहना पूरा हुने भएको छ । सन् २०१६ मा पहिलोपटक निर्वाचित भई अमेरिकाको ४५औं राष्ट्रपतिका रूपमा चार वर्ष हवाइट हाउसमा बिताएका ट्रम्पले २०२० मा पनि निरन्तरताको प्रयास गरेका थिए । तर, डेमोक्र्याट्स पार्टीका जो बाइडेनले उनको प्रयासलाई विफल बनाइदिए । (क्रमशः पृष्ठ २ मा)

## विश्व नेताहरूको प्रतिबद्धता

**पेरिस–** कमला ह्यारिससमाथि अमेरिकी निर्वाचनमा आश्चर्यजक जित हासिल गरेपछि विश्व नेताहरू बुधबार डोनाल्ड ट्रम्पलाई बधाई दिन तत्पर देखिएका छन् । उनको चुनावी जित सुनिश्चित भएपछि उनीहरूले ट्रम्पसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

जापानका प्रधानमन्त्री सिगेरु इसिबाले 'जापान-अमेरिका गठबन्धन र जापान-अमेरिका सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन ट्रम्पसँग नजिकबाट काम गर्ने' आशा गरेको पत्रकारहरूलाई बताए । (क्रमशः पृष्ठ २ मा)

# चीन भ्रमणको तयारीमा प्रधानमन्त्री ओली

## बिआरआई र पोखरा विमानस्थलको ऋण मिनाहा प्राथमिकतामा

- भारतले निम्तो नदिएपछि प्रधानमन्त्री ओली चीन भ्रमणमा निस्किने तयारीमा
- ओलीको चीन भ्रमणलाई दुई दलीय संयन्त्रले सहजीकरण गर्ने
- १६ मंसिरदेखि प्रधानमन्त्री ओलीको चीन भ्रमण हुने



**■ जेबी योञ्जन**

**काठमाडौं–** चौथोपटक सत्तामा आएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी १६ मंसिरमा उत्तरी छिमेकी चीनको भ्रमण गर्दै छन् । विगतमा नेपाली प्रधानमन्त्रीहरूले दक्षिणी छिमेकी भारतको पहिले भ्रमण गर्थे । अनिमात्रै चीनको भ्रमण गर्थे । तर, यो परम्परागत अभ्यासविपरीत प्रधानमन्त्री ओली यसपटक भारतभन्दा पहिले चीनको भ्रमणमा निस्किने भएका छन् ।

उसो त प्रधानमन्त्री ओली भारतबाट भ्रमणको निम्तो आउने प्रतीक्षामा थिए । उनले साढे तीन महिनासम्म भारतको निम्तो कुरे । तर, भारतले बेवास्ता गरेपछि उनी चीन भ्रमणमा निस्किन लागेका हुन् । ओलीको चीन भ्रमणलाई दुई दलीय संयन्त्रले सहजीकरण गर्ने भएको छ । त्यो भनेको प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा रहेको दुई सदस्यीय संयुक्त संयन्त्र हो । यही संयन्त्रको निर्देशनमा देउवापत्नीसमेत रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणाले भ्रमणको संयोजन गर्ने निर्णय भएको छ ।

'चिनियाँ प्रधानमन्त्री ली छियाङको निमन्त्रणामा आगामी डिसेम्बर महिनामा हुने सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको मित्रराष्ट्र चीनको औपचारिक भ्रमणको तयारीको संयोजन प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निर्देशनमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले गर्ने । दुई नेताको निर्देशनअनुरूप संयन्त्रको कार्यदलले भ्रमणका लागि आवश्यक गृहकार्यमा सहजीकरण गर्ने,' कांग्रेस केन्द्रीय कार्यालयसचिव केशवराज जोशीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणमा दुईवटा मुख्य एजेण्डाले प्राथमिकता पाउने सम्भावना रहेको चर्चा छ । एमाले स्थायी समिति सदस्यसमेत रहेका परराष्ट्रविद् डा. राजन भट्टराईका अनुसार बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि लिएको ऋण मिनाहाबारेको एजेण्डाले प्राथमिकता पाउने अवस्था छ ।

डा. भट्टराईले भनेको बिआरआई चीन सरकारको प्राथमिकताको परियोजना हो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि लिएको ऋण मिनाहाचाहिँ नेपालको प्राथमिकताको एजेण्डा हो । (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## हवाई कम्पनीको लुटधन्दा

# व्यवसायीले गराए श्रममन्त्रीको ध्यानाकर्षण

- दैनिकजसो भाडा बढाउँदै हवाई कम्पनी
- वैदेशिक रोजगारीमा जाने कामदार महँगो भाडादरको मारमा
- मलेसिया तथा खाडी मुलुकहरूमा जाने कामदार प्रभावित
- हवाई माफियाले कृत्रिम अभाव खडा गरी चर्को भाडा असुलिरहेको वैदेशिक रोजगारी व्यवसायी संघको भनाइ



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अन्तर्राष्ट्रिय हवाई उडानको भाडादरमा अस्वाभाविक वृद्धि र कृत्रिम अभाव सिर्जना गरिएको भन्दै यसको नियन्त्रणका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको छ ।

नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारले अत्यन्त महँगो दरमा हवाई टिकट खरिद गर्नु परेको र हवाई कम्पनीहरूले दिनदिनै भाडा वृद्धि गरिरहेको भन्दै संघले बुधबार एक ज्ञापनपत्र बुझाउँदै मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको हो ।

नेपालबाट मलेसिया र मध्यपूर्वका गन्तव्य मुलुकमा दैनिक करिब १५ सय नेपाली कामदार वैदेशिक रोजगारीमा जाने गरेको तथ्य प्रस्तुत गर्दै उनीहरूकै कारण एयरलाइन्सहरूको व्यापार वृद्धि भएको संघले उल्लेख गरेको छ । संघले बुझाएको ज्ञापनपत्रमा सीमित एयरलाइन्सहरूको मिलेमतोमा कृत्रिम अभाव खडा गरी कालोबजारी गरेकाले अस्वाभाविकरूपमा टिकटको मूल्यवृद्धि गरेर सिण्डिकेट लागू गरिएको उल्लेख छ ।

'हवाई कम्पनीहरूले समान्यतः ३० देखि ३५ हजार रूपैयाँमा नियमित पाउने टिकटलाई अहिले ७० देखि ८० हजार रूपैयाँ पुऱ्याई दोब्बर मूल्यको टिकटमा कामदार जान बाध्य भएकोले उक्त कालोबजारीलाई रोकेर सस्तो र सुलभ एवं नियमित टिकटको मूल्यमा जान पाउने व्यवस्था नगरिए कामदारमाथि चर्को आर्थिक भार पर्ने छ, जसका कारण वैदेशिक रोजगारीको अवसरसमेत गुम्ने र यसले विदेशी मुद्रा सञ्चिति एवं राष्ट्रिय अर्थतन्त्रमासमेत नकारात्मक असर पर्ने विषयमा माननीय मन्त्रीज्यूलाई अवगत गराइन्छ,' संघले बुझाएको ज्ञापनपत्रमा भनिएको छ ।

नेपालजस्तै मलेसिया र खाडी राष्ट्रहरूमा कामदार पठाउने भारत, बंगलादेश, श्रीलंका, पाकिस्तान, इन्डोनेसियलगायत सार्क राष्ट्रहरूबाट पठाउँदा यति धेरै हवाई भाडा नभएको उल्लेख गर्दै संघले भारतको दिल्लीबाट दुबईको २६ हजार ६२३ देखि ३० हजार ४९४ रूपैयाँ र बंगलादेशबाट दुबईको २३ हजार ३२९ देखि २६ हजार २१४ रूपैयाँ हवाई भाडा रहेकोसमेत मन्त्री भण्डारीलाई जानकारी गराएको छ ।

हवाई माफियाले कृत्रिम अभाव खडा गरी नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारलाई चर्को भाडा असुलिरहेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । साथै, पर्यटक आउने मुख्य समयमा अन्तर ाष्ट्रिय विमानस्थललाई स्तरोन्नतिको बहानामा दैनिक १० घण्टा बन्द गर्नुले पनि चर्को हवाई भाडाको मार खेप्नुपरेको उनको भनाइ छ । स्वदेशी विमानस्थलबाट नेपाली कामदार पठाउन हवाई टिकट अत्यधिक महँगो भएका कारण सहजीकरण गरी सर्वसुलभ र नियमित शुल्कमा टिकट पाउने व्यवस्था मिलाउन पनि भण्डारीले सरकारसँग आग्रह गरे ।

संघले यसअघि नै वैदेशिक रोजगारीका मुख्य गन्तव्य मलेसियालगायत खाडी मुलुकहरूमा उडान भर्ने एयरलाइन्सहरूले एकतर्फीरूपमा हवाई भाडामा अस्वाभाविक वृद्धि गरेकोप्रति विरोध जनाउँदै आएको छ । संघले गत भदौ पहिलो हप्ता पनि एक विज्ञप्ति जारी गर्दै निरन्तर अन्तर्राष्ट्रिय हवाई भाडा बढिरहेकोप्रति विरोध गरेको थियो । छ महिना अगाडिदेखि नै सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराउँदासमेत समस्या समाधान नभई निरन्तर अन्तर ाष्ट्रिय हवाई भाडा बढिरहेकोले श्रममन्त्री भण्डारीलाई समस्या अवगत गराउन ज्ञापनपत्र बुझाइएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

उनका अनुसार महँगो हवाई भाडाका कारण श्रम स्वीकृति लिई भिसा प्राप्त गरेका कामदारलाई 'एनओसी लेटर' उपलब्ध गराई न्यूनतम शुल्कमा छिमेकी राष्ट्र भारतको विमानस्थल प्रयोग गरेर पठाउने व्यवस्था मिलाउन मन्त्री भण्डारीसँग आग्रहसमेत गरिएको छ ।




## पृष्ठ १ बाट क्रमशः

### चीन भ्रमणको...

यी दुई एजेण्डाले ओलीको चीन भ्रमणमा प्राथमिकता पाउने भट्टराई बताउँछन् । उनका अनुसार चीन नेपालमा बिआरआई परियोजना लागू गर्न चाहन्छ । नेपालले पनि उक्त परियोजनाका लागि नौवटा परियोजनाको सूची तयार गरेको छ ।

बिआरआई परियोजनाको अवधारणाअनुसार पहिलो चरणमा दुई सरकारले परियोजना छनोट गर्नुपर्छ । दोस्रो चरणमा चीनका सरकार नियन्त्रित कम्पनीले ती परियोजनाको व्यावसायिक सम्भाव्यता अध्ययन र तेस्रो चरणमा चिनियाँ सरकारी बैंकले ऋण प्रवाह गर्ने गर्छ । हाल नेपाल परियोजना कार्यान्वयनको पहिलो चरणमा छ । अर्थात् परियोजना छनोट चरणमै नेपाल छ । कारण, नेपालले बिआरआई कार्यान्वयनको मोडालिटी तयार गरेकै छैन ।

जबकि, यो परियोजना प्रस्ताव भएको पाँच वर्षअघि हो । जतिबेला चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणमा आएका थिए । भ्रमणलगत्तै चीनले बिआरआई परियोजना कार्यान्वयनसम्बन्धी खाका प्रस्ताव गरेको थियो । प्रस्तावपछि छलफल नभएको होइन तर सहमति जुटेको छैन । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र दाहाल सरकारकै परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले गत वर्षको ५ असोजमा चीन भ्रमणका बेला बिआरआई परियोजनाबारे छलफल गरेका थिए । त्यसपछि पनि प्रगति भएन ।

परराष्ट्रमामिलाका जानकार डा. भट्टराई यसपटक प्रधानमन्त्री ओलीको चीन भ्रमणमा यो विषयमा कम्तीमा निर्णायक समझदारी जुट्नसक्ने बताउँछन् । उनका अनुसार बिआरआईबारे अनावश्यक अफवाह फैलाइएको छ, जसले गर्दा पनि बिआरआई कार्यान्वयनमा समस्या भएको देखिन्छ । उनले प्रभावसँग भने, 'बिआरआईको विषयमा हुँदै नभएका र गलत व्याख्या गरेर पनि अफवाह फैलाउने काम भएको छ । बिआरआईभित्र व्यापारिक ऋण, सहुलियतपूर्ण ऋण र अनुदानसहित अन्य आदानप्रदानका विषय छन् तर काठमाडौंमा महँगो ऋणको कुरामात्रै गरेर गलत व्याख्या गरिएको छ ।'

यसबाहेक नेपालको चासो र प्राथमिकता रहेको पोखरा अन्तर ाष्ट्रिय विमानस्थल निर्माणका लागि चिनियाँ एक्जिम बैंकबाट लिइएको ऋण मिनाह पनि प्रधानमन्त्री ओलीको चीन भ्रमणको एजेण्डा बन्ने भएको छ । हुन पनि १० अर्ब रूपैयाँ लागतमा निर्माण सकिने भनिएकोमा २४ अर्ब रूपैयाँ पुगेको थियो । विमानस्थलमा हालसम्म अन्तर्राष्ट्रिय उडान सञ्चालनमा ल्याउन सकेको छैन । त्यसैले उक्त विमानस्थललाई आलोचकहरूले 'सेतो हात्ती'को रूपमासमेत व्याख्या गर्दै आएका छन् । नेपालले ऋण भारमात्रै बोक्नुपरेकोले त्यस्तो भनिएको हो ।

●●●

### हवाइट हाउसमा...

अर्को चार वर्ष ह्वाइट हाउसमा बस्ने उनको यसपटकको प्रयास भने सफल भएको छ । सन् २०१६ मा ३०४ इलेक्टोरल मतसहित राष्ट्रपति बनेका ट्रम्प सन् २०२० मा २३२ इलेक्टोरल मतमा सीमित बनेका थिए । २०१६ मा हिलारी क्लिन्टनले २२७ मत पाउँदा 'पपुलर मत' भने डेमोक्रचाट्सको पोल्टामा परेको थियो। २०२० मा बाइडेनले ३०६ मत पाए भने 'पपुलर मत' पनि डेमोक्रचाट्सकै पक्षमा । अमेरिकामा राष्ट्रपति बन्न कूल ५३८ इलेक्टोरल मतमध्ये २७० मत आवश्यक पर्छ । यसपटक यो समाचार तयार पार्दासम्म ट्रम्पले २७९ मत जितिसकेका छन् । मैनेको चार, मिशिगनको १५, नेभडाको छ र एरिजोनाको ११ मत यो इलेक्टोरलमा जोडिएको छैन । जसमा मैनेमामात्र कमला अगाडि छिन् ।

ट्रम्पझैं सन् १८९२ ग्रोभर क्लिभलेन्ड दोस्रोपटक ह्वाइट हाउस छिरेका थिए । डेमोक्रेटिक पार्टीका उम्मेदवार उनले २७७ इलेक्टोरल मत ल्याएर दोस्रोपटक विजयी भएका थिए । सन् १८८९ को चुनावमा भने उनले १६८ इलेक्टोरल मत ल्याउँदै बेञ्जामिन ह्यारिसनसँग पराजित भएका थिए । पहिलो कार्यकालका लागि सन् १८८५ मा निर्वाचित भएका थिए ।

#### दोस्रोपटक महिला प्रत्यासी अस्वीकृत

अमेरिकी राष्ट्रपतिको निर्वाचनमा ट्रम्पले दोस्रोपटक महिला प्रत्यासीमाथि जित हात पारेका छन् । सन् २०१६ मा हिलारी क्लिन्टन उनका प्रत्यासी थिइन् भने यसपटक कमला ह्यारिस । २०१६ मा हिलारीले पपुलर मत पाएकीमा कमलाले त्यसलाई भेट्टाउन सकिनन् । उनलाई महिलाहरूको समर्थन त थियो तर विभिन्न एक्जिट पोलका अनुसार अश्वेत महिलाले उनलाई मन पराएनन् । गर्भपतनको अधिकारलाई प्रमुख चुनावी मुद्दा बनाएकी उनको मुद्दा अनुमोदन हुँदा उनी भने नेतृत्वमा आउन सकिनन् ।

#### उपराष्ट्रपतिमा भान्स

अमेरिकाको उपराष्ट्रपतिमा रिपब्लिकनकै उम्मेदवार जेडी भान्स निर्वाचित हुने भएका छन् । ४० वर्षे भान्स ट्रम्पको प्रतिरक्षामा उत्रिएर चुनावी मैदानमा होमिएका थिए । डेमोक्रचाट्सबाट भने टिम वाल्ट्ज उपराष्ट्रपतिको मैदानमा थिए । ह्यारिस अप्रवासी भएको आरोप लागेपछि डेमोक्रचाट्सले रैथाने वाल्ट्जलाई उपराष्ट्रपतिका उम्मेदवार बनाएको थियो ।

यसअघि अमेरिकी इतिहासमा उनीभन्दा कम उमेरका दुई जना उपराष्ट्रपति भइसकेका छन् । सन् १८५७ जनवरीमा जोन ब्रकनरिज ३६ वर्षको उमेरमा अमेरिकी उपराष्ट्रपति बनेका थिए भने सन् १९५३ मा रिचर्ड निक्सन ४० वर्षको उमेरमा यो पदमा पुगेका थिए ।

#### कमला पराजयका कमजोरीहरू

डेमोक्रचाट्स पार्टीले यो निर्वाचनबाट माथिल्लो सदन सिनेट र तल्लो सदनमा पनि आफ्नो वर्चश्व गुमाएको छ । माथिल्लो सदन सिनेटमा ५० सिनेटर भए बहुमत पुग्छ । जसमा ५२ जना रिपब्लिकन निर्वाचित भएका छन् । जसमा तीन जना सिनेटर यसपटक रिपब्लिकनले डेमोक्रचाट्सको ठाउँमा जितेको छ । यता तल्लो सदनमा २१८ जना सदस्य भए बहुमत हुनेमा डेमोक्रचाट्सको १८२ मात्र र रिपब्लिकनको २०४ सदस्य पुगेको छ ।

यसरी डेमोक्रचाट्स कमजोर हुनुमा कतिपय अमेरिकीहरूले बाइडेनको बिरामीपनलाई आरोप लगाएका छन्। सुरुमा डेमोक्रचाट्सले बाइडेनलाई नै ४७औं राष्ट्रपतिको दौडमा मनोनयन गरेको थियो । तर, बाइडेनले लगातार विभिन्न गल्ती गरेपछि जुलाइ २१ मा उक्त दौड त्यागेका थिए । कहिले अमेरिकी उपराष्ट्रपति ट्रम्प भन्ने, कहिले युक्रेनका राष्ट्रपति पुनि । चुनावी बहसमा पनि बाइडेन निकै कमजोर सावित भए ।

बाइडेन छ महिनाअघि नै पछि हटेका भए डेमोक्रचाट्सले ह्यारिसभन्दा गतिलो उम्मेदवार खोज्न सक्ने थियो भनेर पनि कतिपयले मत राखेका छन् । अमेरिकाको मूल मुद्दा हो- अर्थतन्त्र र विश्वका शक्तिशाली राष्ट्रहरूसँगको सम्बन्ध । ट्रम्पले जबर जस्त उठाएको मुद्दा हो, अप्रवासन । यी विषयको मुद्दामा कमला कुहिरोमा काग हराएझैं भइन् ।

बाइडेनको हातबाट सजिलै उम्मेदवारको टिकट पाएकी उनले कमजोरीहरू सुधार्ने मौका पनि पाइनन् । अर्को विषय नयाँ सञ्चारमाध्यमहरू पडकस्ट सञ्चालकहरूबाट पनि टाढा बस्ने र अप्ठ्यारा प्रश्नहरूबाट भाग्ने कामसमेत कमलाले गरिन् । अझ केही अमेरिकी समाचार संस्थाहरूले राष्ट्रपति चुनावी भाषणको अन्तिम दिनहरूमा बाइडेनले ट्रम्प समर्थकलाई 'फोहोर'को संज्ञासमेत दिएर थप भड्काउने काम गरेको दाबीसमेत गरेका छन् ।

●●●

### विश्व नेताहरूको...

युरोपेली संघकी प्रमुख उर्सुला भोन डेर लेयेनले ट्रम्पलाई बधाई दिँदै वासिङ्टन र ब्रसेल्सले 'बलियो ट्रान्सएटलान्टिक एजेन्डा'मा मिलेर काम गर्ने आशा व्यक्त गरेकी छन् । उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) का प्रमुख मार्क रुटले ट्रम्पलाई बधाई दिँदै उनको सत्तामा पुनरागमनले गठबन्धनलाई 'बलियो' राख्न मद्दत पुग्ने बताएका छन् । फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रौंले ट्रम्पलाई बधाई दिँदै भने, 'हामी आगामी चार वर्षसम्म सम्मान र महत्त्वाकांक्षाका साथ उहाँसँग काम गर्न तयार छौं ।'

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्रम्पको 'चुनावी विजय'को प्रशंसा गरेका छन् । चीनले अमेरिकासँग 'शान्तिपूर्ण सहअस्तित्व'को आशा गरेको बताएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित ब्रिफिङमा भने, 'हामी पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षको हितका लागि सहकार्यको सिद्धान्तमा आधारित चीन-अमेरिका सम्बन्धलाई निरन्तरता दिने छौं । हामी अमेरिकी जनताको रोजाइको सम्मान गर्छौं ।'

त्यसैगरी, युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ट्रम्पलाई 'प्रभावशाली विजय' का लागि बधाई दिँदै आफ्नो कार्यकालले युक्रेनमा न्यायोचित शान्ति ल्याउने विश्वास व्यक्त गरेका छन् । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यसलाई पूर्वअमेरिकी नेताका लागि ऐतिहासिक पुनरागमन र अमेरिका-इजरायल गठबन्धनको नयाँ सुरुवात भएको बताएका छन् ।

साउदी अरेबियाका राजा सलमान र उनका छोरा, वास्तविक शासक क्राउन प्रिन्स मोहम्मद बिन सलमानले ट्रम्पलाई पठाएको तारमा राजा सलमानले 'दुई मित्र देश र जनताबीचको नजिकको सम्बन्धलाई सबैले सबै क्षेत्रमा बलियो र विकसित गर्न चाहन्छन्' भन्दै प्रशंसा गरेको आधिकारिक साउदी प्रेस एजेन्सीले जनायो ।

गाजा द्वन्द्वमा प्रमुख मध्यस्थकर्ता र मध्यपूर्वमा सबैभन्दा ठूलो अमेरिकी सैन्य अड्डाको आतिथ्यकर्ता कतारका अमिर शेख तमिम बिन हमद अल-थानीले 'क्षेत्र र विश्वव्यापी रूपमा सुरक्षा र स्थिरता प्रवर्द्धन गर्न फेरि सँगै काम गर्न' तत्पर रहेको बताए । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोआनले ट्रम्पलाई बधाई दिए । 'टर्की-अमेरिका सम्बन्ध बलियो हुने छ, क्षेत्रीय र विश्वव्यापी संकट र युद्धहरू, विशेषगरी प्यालेस्टिन मुद्दा र रुस-युक्रेन युद्ध समाप्त हुने छन् भन्ने मलाई आशा छ,' उनले वक्तव्यमा भनेका छन् ।

इजिप्टका राष्ट्रपति अब्देल फत्ताह अल-सिसीले ट्रम्पको ह्वाइट हाउस फिर्तीले मध्यपूर्वमा शान्ति ल्याउन मद्दत गर्नसक्ने आशा व्यक्त गरे । 'म उहाँलाई सबै सफलताको कामना गर्छु र सँगै शान्ति प्राप्त गर्न, क्षेत्रीय स्थिरता कायम राख्न र इजिप्ट-संयुक्त राज्य अमेरिकाबीचको रणनीतिक साझेदारी सुदृढ गर्न तत्पर छु,' उनले भने ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले ट्रम्पलाई बधाई दिँदै भने, 'तपाईंको बलियो नेतृत्वमा, दक्षिण कोरिया-अमेरिका गठबन्धन र अमेरिकाको भविष्य अझ उज्यालो चम्कने छ । तपाईंसँग नजिकबाट काम गर्न तत्पर छु ।' इटालीका प्रधानमन्त्री जोर्जिया मेलोनीले बधाई दिँदै इटाली र संयुक्त राज्य अमेरिका अटल गठबन्धनद्वारा जोडिएका 'भगिनी' राष्ट्रहरू भएको उल्लेख गरिन् ।

सन् २०२६ मा अमेरिकाभन्दा अघि आगामी वर्ष जी-२० को अध्यक्षता सम्हाल्ने दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले ट्रम्पलाई सन्देशमा 'हाम्रा दुई राष्ट्रबीचको सहयोगका सबै क्षेत्रहरूमा नजिक र पारस्परिक लाभदायक साझेदारी जारी राख्न' तत्पर रहेको बताए । *रासस/एएफपी*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १९० कात्तिक २१ गते २०८१ मा प्रकाशित **Sagarmatha International Employment (P) Ltd. (K.B. International Employment (P) Ltd.)** को Lot No. 313181/Lot No. 313182/No. 313180 को विज्ञापनमा पुर्व स्विकृति मिति: २०८१/०७/ १४ **तथा खाने सुविधा छ** हुनुर्पनेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD



**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति २०८१/०७/२२**

यस बैंकको निक्षेपकर्ता श्री मंगल भगतको बुहारी, श्री नेपाली प्रसाद कोईरीको छोरी, श्री अमृष भगतको पत्नी, रौतहट जिल्ला, माधोपुर गाविस, वडा नं. ७ घर भई हाल रौतहट जिल्ला, माधव नारायण नगरपालिका वडा नं. ६ बस्ने वर्ष ५४ को श्रीमती उर्मिला देवी (ना.प्र.प.नं. ३१९२, जारी मिति: २०५७/०२/१०) को मिति २०८१/०१/२१ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको नातामा पर्ने पती श्री अमृष भगतले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको पती श्री अमृष भगतको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR!!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: Compass Catering Services WLL., QATAR
कम्पनी : कम्पास केटरिङ सर्भिसेस डब्लुएलएल, कतार

Pre Approval Date : 2024-11-05 | LT. No. 313155 | Invoice No. 60227542
पूर्व स्वीकृति मिति : २०८१/०७/२० | एल टि न. ३१३१५५ | चलानी नं. ६०२२७५४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 30 | 0 | 1500 | ५५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 210 | 50 | 1000 | ३६,९७० | | | | | | | |

**The final interview will be conducted in the office on 18/19/20/21 Nov, 2024.**
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३,४, ५ र ६ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

साथै यस कम्पनीबाट Airport तथा सरकारी Hospital हरुमा Tea boy, Office boy, Office girl, Handler, Waiter, Waitress, Commi-1, Catering Supervisor, Live Cook, Lead Service Supervisor, Head Chef, Chef de partie (Patissier) Senior CDP (Pantry Chef) Commis 1 (Bakery & Pastry) Commis 1 (Butcher) Kitchen Steward/Cleaner मा समेत माग भएकोले थप परामर्शको लागि अफिसमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

VISION & VALUE
**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



## युएईमा रोजगार

कम्पनी : **DHCN CONSTRUCTION L.L.C**

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313170 | चलानी नं. ६०२२७५६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 10 | 0 | 2000 | ७३,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 20 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 3 | Building Painter | 50 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 4 | Carpenter/ Construction Carpenter | 20 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 5 | Pipeline Pumps Operator | 15 | 0 | 1500 | ५४,९६५ | | | | | | | |
| 6 | Plumber | 50 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 7 | Plumber Assistant | 10 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 8 | Stone Mason | 15 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 9 | Tile Layer | 10 | 0 | 1200 | ४३,९७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 832/066/67
**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com



## साउदीमा रोजगार

कम्पनी : **Al-Massira Works Company Limited**

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312976 | चलानी नं.६०२२७५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | truck driver | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Fahd bin Awad bin Sweileh Al Otaibi Architectural Contracting Est**

पूर्व स्वीकृति मिति : २०८१/०७/१७ | LT. No. 312978 | चलानी नं.६०२२७५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 3 | 0 | 1500 | ५३,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Jubail Gas Company Plant Limited**

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313083 | चलानी नं.६०२२७५९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 3 | 0 | 1100 | ३९,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com
श्रम ईजाजत नं. ११४२/०७३/०७४


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, २२ कात्तिक, २०८१

**मेष** समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।

**वृष** अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको

**मिथुन** शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।

**कर्कट** केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।

**सिंह** आफ्नै बेहोसीले नोक्सान पुर्याउला।

**कन्या** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**तुला** धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।

**वृश्चिक** मार्गदर्शन अनुचित लाग्नेछ ।

**धनु** लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**मकर** कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।

**कुम्भ** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।

**मीन** परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१<br>६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ कात्तिक, २०८१ (०७ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२९ | १३४.८९ |
| युरो | १ को | १४६.४० | १४७.०५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.०७ | १७४.८५ |
| स्विस फ्रैन्क | १ को | १५५.५५ | १५६.२४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५७ | ८८.९७ |
| क्यानाडियन डलर | १ को | ९६.५२ | ९६.९६ |
| सिङ्गापुर डलर | १ को | १०२.०० | १०२.४६ |
| जापानी येन | १० को | ८.८५ | ८.८९ |
| चिनियाँ युआन | १ को | १८.९३ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३५.७५ | ३५.९१ |
| कतारी रियाल | १ को | ३६.८५ | ३७.०१ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५६ | ३६.७२ |
| मलेसियन रिङेट | १ को | ३०.७१ | ३०.८५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७८ | ९.८२ |
| स्विडिस क्रोनर | १ को | १२.५८ | १२.६४ |
| डेनिस क्रोनर | १ को | १९.६३ | १९.७२ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.४० | ४४०.३६ |
| बहराइन दिनार | १ को | ३५६.२० | ३५७.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**खर्ना विधि गर्दै व्रतालु** | छठ पर्वको दोस्रो दिन बुधबार खर्ना विधि गर्दै व्रतालु । आज बिहीबार साँझ व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिई भोलि शुक्रबार उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व समापन गरिने छ । *तस्बिरः चन्द्रदेव साह/रासस*

# काठमाडौं उपत्यकामा छठको रौनक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं उपत्यकामा छठको रौनकता छाएको छ । उपत्यकाका गौरीघाट, थापाथली, कमलपोखरीलगायतका स्थानमा छठका लागि तयारी गरिएको छ ।

छठ पूजाका लागि काठमाडौंका नदी किनार झिलिमिली बत्तीसहित सिंगारिएका छन् । पशुपति क्षेत्रस्थित गुहचेश्वरी मन्दिर मुनिको बागमती किनारमा आकर्षकरूपमा छठघाट निर्माण गरिएको छ । गुहचेश्वरीबाट गौरीघाटसम्म आकर्षकरूपमा सजाएर छठघाट अर्थात् पूजास्थल निर्माण गरिएको छ । उक्त क्षेत्रमा ५६७ छठघाट अर्थात् पूजा कक्ष निर्माण गरिएको गुहचेश्वरी गौरीघाट छठ पूजा समितिका सदस्य चन्द्रकान्त झाले जानकारी दिए । उनले भने, 'हामीले ५६७ छठ घाट निर्माण गरेका छौं ।'

पशुपति क्षेत्रस्थित गुहचेश्वरी मन्दिर मुनिको बागमती किनारमा हुने छठका लागि पशुपति क्षेत्र विकास कोषले तीन लाख रूपैयाँ उपलब्ध गराउने भएको गुहचेश्वरी गौरीघाट छठ पूजा समितिका कोषाध्यक्ष धीरेन्द्रकुमार गुप्ताले बताए ।



### कमलपोखरीमा छठ पर्वको तयारी

काठमाडौं महानगरपालिकाले छठ पर्वका लागि कमलपोखरीमा सम्पूर्ण तयारी पूरा गरेको छ । पोखरीको चारैतिर पेटीमा व्रतालुलाई बस्ने र सूर्यलाई अर्घ्य दिन घाटलाई व्यवस्थित गरिएको हो । करिब ५०० व्रतालुलाई पूजाआजा गर्न कुपन वितरण गरिएको छ भने पूजा सामग्रीको सुरक्षाकोसमेत व्यवस्था गरिएको छ । पोखरी तथा त्यस आसपास क्षेत्रका फोहोर व्यवस्थापन गरी झिलीमिली बत्तीहरू सजाइएको छ ।

काठमाडौं महानगरपालिका-१ मा पर्ने उक्त पोखरीमा स्वचालितरूपमा पानीको फोहोराको व्यवस्था मिलाइएको छ । काठमाडौं महानगरपालिका-१ को समन्वयमा गरिने पूजाआजाका कार्यक्रममा व्रतालुको भीड व्यवस्थापन साथै सहजीकरणका लागि ठूलो संख्यामा नगर प्रहरी खटाइएको छ ।

काठमाडौं महानगरपालिका-१ का वडा सदस्य रोशन श्रेष्ठले छठ पर्वको मौलिकता एवं महत्त्वलाई संरक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रवर्द्धन गर्न पोखरीलाई व्यवस्थित गरिएको जानकारी दिए । भजनकीर्तन तथा धार्मिक गतिविधिको प्रबन्ध गरिएको समारोहस्थलमा सामान्य दर्शन तथा घुमघामका लागि करिब एक लाख भक्तजन आउने अपेक्षा गरिएको छ ।

उक्त कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेललगायत विभिन्न दलका नेता, महानगर प्रमुखलगायतलाई पूजामा सहभागिताका लागि यही कात्तिक २२ गते साँझ निमन्त्रणा गरिएको छ । स्थानीय संघ संस्थाको समन्वय तथा हिमाल अस्पतालको सहकार्यमा स्वास्थ्य परीक्षणका शिविरसमेत सञ्चालनको व्यवस्था गरिएको छ । प्रत्येक वर्ष कात्तिक शुक्ल षष्ठीका दिन व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिने उक्त पर्वमा सप्तमीको बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर व्रत समापन गरिन्छ । समापनपछि प्रसाद वितरणसमेत गरिने जनाइएको छ ।

# कीर्तिपुरमा सुरू भयो उपनिर्वाचनको माहोल

■ **रूपेश आचार्य**

**कीर्तिपुर (काठमाडौं)–** कीर्तिपुर नगरपालिकामा उपनिर्वाचनको माहोल सुरु भएको छ । आगामी मङ्सिर १६ गतेका लागि तय भएको स्थानीय तहको उपनिर्वाचनको माहोल सुरु भएको हो । उपनिर्वाचनमार्फत नगरप्रमुख र दुई वडाध्यक्ष निर्वाचित हुने भएकाले नगरपालिका क्षेत्रभर चुनावका आकांक्षी र सम्भावित परिणामबारे चर्चा सुरु भएको छ ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रसहितका दलहरूले उम्मेदवार छनोटलाई तीव्रता दिएका छन् । वि.सं. २०७९ को स्थानीय निर्वाचनबाट निर्वाचित प्रमुख राजकुमार नकर्मीको मिर्गौलासम्बन्धी समस्याको उपचारको क्रममा केही महिनाअघि निधन भएको थियो ।

वडा नं १ का तत्कालीन वडाध्यक्ष हीरालाल महर्जन कलेजो रोगको उपचारका क्रममा र ४ का वडाध्यक्ष श्याम अधिकारीको दुर्घटनामा परी निधन भएपछि प्रमुख र दुई वडाध्यक्ष पद रिक्त छन् । सत्तारुढ दलहरूमध्ये नगरप्रमुख पदमा नेपाली कांग्रेसको नगर समितिबाट सभापति कृष्णमान डंगोलसहित ११ जना आकांक्षीको नाम काठमाडौं जिल्ला समितिसमक्ष सिफारिस गरिएको छ । सिफारिस हुने अन्य आकांक्षीमा नगरसमितिकै पूर्वसभापति बद्रीलाल महर्जन, ५ नं वडाका पूर्ववडाध्यक्ष हिमाल कार्की, दिवंगत प्रमुख राजकुमार नकर्मीकी धर्मपत्नी जमुना नकर्मी, महिला नेतृ संगीता बोगटी तथा स्थानीय नेताहरू शशीर महर्जन, राममान सिंह, जनकलाल महर्जन, मीनप्रकाश महर्जन, किरण केसी र सचिन्द्र महर्जन छन् ।

वडा नं १ का अध्यक्षका लागि नेपाली कांग्रेसका इच्छाकुमार महर्जन, सिकन्दर महर्जन र महेश्वर महर्जन आकांक्षी छन् । यसैगरी वडा नं ४ को वडाअध्यक्षका लागि मुरारी विष्ट, मिलन विष्ट, राजेन्द्र बानियाँ, सुभद्रा सिग्देल, कालुभाइ खड्का, सुजन बस्नेत, इन्द्र बुढाथोकी र अनिल बाँस्कोटा आकांक्षीका रूपमा देखिएका छन् । नेपाली कांग्रेसले यसअघि आफूले जितेको प्रमुख र १ नम्बर वडाध्यक्ष कायम राख्दै वडा नं ४ को अध्यक्षसमेत कब्जा गर्ने लक्ष्य लिएको छ ।

सत्ताको नेतृत्व गरिरहेको एमालेले प्रमुख पदमा केन्द्रीय सदस्य डा. सुरेन्द्र मानन्धरलाई अघि सारेको छ । एमालेको नगर कमिटीबाट सर्वसम्मत सिफारिस भएका उनको नाम बुधबार बसेको नेकपा एमाले काठमाडौं जिल्ला कमिटीको बैठकले स्वीकृत गरेको हो ।

यसैगरी वडा नं १ मा २०७४ सालको स्थानीय निर्वाचनमा वडाध्यक्ष निर्वाचित भएका हर्षमान महर्जनलाई एमालेले अघि सार्ने जनाएको छ । वडा नं ४ को वडाध्यक्षको उम्मेदवारका लागि बद्री बुढाथोकीलाई अघि सार्ने पार्टीको तयारी छ । पछिल्लो स्थानीय चुनावमा प्रमुखसहित नगरपालिकाका महत्त्वपूर्ण पदहरू गुमाएको एमाले पुरानो साख फर्काउने लक्ष्यसहित चुनावी मैदानमा उत्रिएको छ ।

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले प्राध्यापक डा. शिवशरण महर्जनलाई प्रमुख पदको उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरेको छ । यसैगरी वडा नं १ मा अष्टमान महर्जन र वडा नं ४ को वडाध्यक्षमा नारायण विष्टलाई वडाध्यक्षको उम्मेदवारका रूपमा अघि सारेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले भने बिहीबारबाट मात्र उम्मेदवार छनोट प्रक्रिया थाल्ने पार्टीका जिल्ला सभापति प्रदीप विष्टले जानकारी दिए । 'निर्वाचन परिचालन समिति बनेपछि उम्मेदवारीका लागि आवेदन आह्वान हुने छ । त्यसपछि सर्वसम्मत नभएका पदहरूमा आन्तरिक चुनावबाट उम्मेदवारी छनोट हुने छ,' उनले भने ।

कीर्तिपुरको चुनावी मैदानमा केही स्वतन्त्र उम्मेदवारकोसमेत चर्चा चलेको छ । सफाइ अभियन्ता राजमान मानवले प्रमुख पदमा स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन् । भाषा अभियन्ता नरेश श्रेष्ठ र स्थानीय प्रजातन्त्रवादी अभियन्ता कवि महर्जनले पनि नगरप्रमुख पदमा स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन् । *रासस*

# जाडो बढ्दा डेंगु संक्रमण घट्दै

**काठमाडौं (प्रस)–** मुलुकमा जाडो बढ्न थालेसँगै डेंगु संक्रमण घट्दै गएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले जाडो बढ्नुका साथै सरकारले डेंगु सार्ने लामखुट्टे नियन्त्रण अभियान सञ्चालन गरेपछि कात्तिकयता संक्रमण घट्दै गएको बताए ।

सरकारले डेंगुको संक्रमण बढ्न थालेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुका साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गरिरहेको छ । उनका अनुसार अहिले नेपालमा ४२औं हप्ताबाट डेंगु संक्रमण घट्न थालेको हो । नेपालमा अहिले डेंगु संक्रमणको ४५औं हप्ता चलिरहेको छ ।

डा. दाहालले ४२औं हप्तामा मात्रै दुई हजार ५८२, ४३औं हप्तामा दुई हजार २०४, ४४औं हप्तामा एक हजार ७१ र ४५औं हप्ता चलिरहँदा ५५ जनामा मात्र संक्रमण देखिएको जानकारी दिए । 'जाडो बढेसँगै डेंगु संक्रमण घटिरहेको छ,' उनले भने, '४५ हप्तामा आइपुग्दा फाट्टफुट्ट मात्र देखिन थालेका छन् । संक्रमण घटे पनि सावधानी अपनाउनुपर्छ ।'

बुधबारसम्म २९ हजार १५८ मा संक्रमण भएको र १२ जनाको निधन भएको कीटजन्य रोग शाखाका प्रमुख डा. दाहालले जानकारी दिए । उनका अनुसार डेंगु संक्रमण हुम्लाबाहेक सबै जिल्लामा देखिएको छ । सबैभन्दा बढी कास्कीमा सात हजार २२४ जनामा डेंगु संक्रमण देखिएको छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगु रोग लाग्दछ ।

उपत्यकामा छ हजार ६१२ जनामा डेंगु संक्रमण देखिएको छ । काठमाडौंमा चार हजार ५९५, भक्तपुरमा ८३१ र ललितपुरमा एक हजार १८६ जनामा डेंगु संक्रमण देखिएको हो ।


## Triveni Rural Municipality
## Office of The Rural Municipal Executive

Jugar, Rolpa
Lumbini Province, Nepal

### Invitation for Bids

**Contract IdentificationNo: TRM/ROLPA/WORKS/ROADS/NCB/06/081/082**
**Bidding Procedure:- Single Stage Single Envelop**
**Date of Publication: 07-11-2024**

1. Triveni Rural Municipality, Jugar, Rolpa Invites Online Bids Under E-Procurement System to the bidders for the Following works under National Competitive Bidding procedures.

| S. No. | Contract ID | Description and location of work | Estimated Amount (Excluding VAT) | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | TRM/ROLPA/ WORKS/ROADS/ NCB/06/081/082 | Upgrading of 7 Roads at Triveni Rural Municipality 5 & 6 Rolpa (Siruwali-Jumlebas Road, Dharamkhola -Kaulabot Road, Nerpa-Jumlelakuri Road, Nerpa-Koiralneta Road, Khanikhola-Agarneta Road, Neta-Ratpahar Road & Nerpa Dahakhola-Jhakri salla-Jhinuwa Road) | NRs. 28,29,000.00 | NRs. 85,000.00 | NRs. 3,000.00 |

2. Further information to bidders:
   **Name of the Bank : Nepal Investment Mega Bank Ltd.**
   **Name of the Office : Tribeni Rural Municipality Tribeni-5, Jugar, Rolpa**
   **Name of Account : Ga 1.1 Triveni Ga.pa Antarik Rajaswa Khata**
   **Office Account no. : 07101400250108**
3. Bids must be submitted electronically through Bolpatra to the Office of Triveni Rural Municipality, Jugar, Rolpa on or before 08-12-2024 12:00. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 08-12-2024 13:00 hours at the Office of Triveni Rural Municipality, Jungar, Rolpa, Nepal. Bids must be valid for a period of 90 of days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 85,000.00 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
5. Bidders may obtain further information from the office or may visit PPMO'S website: www.bolpatra.gov.np under the name of Public Entity " Triveni Rural Municipality, Jugar, Rolpa".

**Chief Administrative officer**



**युएईमा रोजगार** कम्पनी : A R C Electromechanical Contracting Co
पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313111 | चलानी नं. ६०२२७५५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 1 | 0 | 1000 | ३६,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker/labour | 1 | 0 | 800 | २९,३१५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 4 | Electric Power Extender | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 5 | Electrical Engineering Technician | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 6 | Electrician/electric | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 7 | Electro Mechanical Technician | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 8 | General Equipment Mechanic | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 9 | Industrial Electrical Electrician | 1 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 10 | Male Cleaner/helper | 1 | 0 | 800 | २९,३१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**युएईमा रोजगार** कम्पनी : ZAG GROP TECHNICAL SERVICES CO.LLC
पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312445 | चलानी नं. ६०२२६९१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Nepal) | 5 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 3 | Scaffolder | 5 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 4 | Steal Fixer | 5 | 0 | 1200 | ४३,९७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २९ र ३० गते (14 & 15 Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shahi Global Careers Pvt. Ltd.**
Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025,
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com
श्रम ईजाजत नं. १२९८/७४/७५



**कुवेतमा रोजगार** कम्पनी : Anncy Salon for Ladies Beauty
पूर्व स्वीकृति मिति : २०८१/०७/२१ | LT. No. 313166 | चलानी नं. ६०२२७५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 15 | 150 | ६५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 5 | 110 | ४८,२४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



**युएइमा रोजगार** कम्पनी : LSPMK TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313146 | चलानी नं. ६०२२७५८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 50 | 0 | 900 | २९,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### छठको शुभकामना

तराई–मधेस हुँदै पहाड उक्लिसकेको छठ पर्वको उल्लास सुरु भइसकेको छ । श्रद्धा, भक्ति र मधेस क्षेत्रको साझा सांस्कृतिक प्रतिविम्बको पहिचान बनाएको छठ मंगलबारदेखि सुरु भइ हर्षोल्लासका साथ मनाइँदै छ । छठको आज मुख्य दिन । अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिने यो पर्वमा परिवारको ज्येष्ठ महिला वा बुहारीको नेतृत्वमा चार दिनसम्म मनाइन्छ । छठ पर्व सांगीतिक पर्व पनि हो, जसमा सुरुदेखि अन्त्यसम्म गीतको ध्वनि गुञ्जिरहन्छ ।

कात्तिक महिनाको चौथीमा सुरू हुने पर्व सप्तमीको बिहानसम्मै जारी रहन्छ । पहिलो दिनलाई ‘अरबा–अरबाइन’ भनिन्छ । दोस्रो दिनलाई ‘खरना’ । खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन व्रतालुहरू दिनभरि व्रत बस्छन् र साँझ पख नुहाएर चोखो भई आफ्नो कुल देवता स्थापना गरेको पूजा कोठामा नयाँ चुल्हो स्थापना गरी प्रसाद बनाउने गरिन्छ । प्रसादको रूपमा विशेषगरी पाकेको केरा र खिरलाई लिइन्छ । तेस्रो दिन गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान–पिसान गरी सोबाट निस्केको पिठोबाट विभिन्न गुलियो खाद्यसामग्री बनाइन्छ । यो दिन अस्ताउन लागेको सूर्यलाई प्रसादस्वरूप अर्घ्य दिनका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्ने गर्छन् । यस क्रममा व्रतालुले दुवै हत्केलामा ‘पिठार’ र सिन्दुर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताउँदो सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन् ।

अन्तिम दिनलाई पारन (पार्वण) भनिन्छ । यस दिन बिहान व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई उदाउँदो सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरिन्छ । अर्घ्य सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ ।

छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि त्यत्तिकै छन् । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिविना रुख, विरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्यले जसरी कसैप्रति भेदभाव गर्दैन । त्यसरी नै छठ पर्व पनि कुनै भेदभाव नगरी सबै जातजातिले साझा रूपमा मनाउने गरिन्छ । सत्य, अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने महान चाड हो, छठ पर्व । यही पर्वको अवसरमा सम्पूर्ण नेपाली, प्रिय पाठक, विज्ञापनदाता सम्पूर्णमा हार्दिक शुभकामना ।

## मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- ‘बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- ‘कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- ‘हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !’ ‘किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु’, पण्डितजीले भने । क्रमशः

# जलवायु परिवर्तनप्रति सचेत छठ पर्वको वैज्ञानिक र पर्यावरणीय महत्त्व



■ धर्मेन्द्र झा

> यो पर्व कहिलेदेखि मनाउन सुरु गरियो त्यसको यकीन गर्न सकिएको छैन । यो पर्वको उपासना विधिको विश्लेषण गर्दै गएका खण्डमा यो पर्व मूलतः प्रकृति पूजनसँग सम्बन्धित रहेको पाउन सकिन्छ । यो पर्व जलाशय, नदी, पोखरी, ताल तलैयालगायतका जलस्रोत क्षेत्रमा उपस्थित भई सूर्यको उपासना गरी मनाइन्छ । पर्व मनाउने क्रममा जलस्रोत र सम्बन्धित क्षेत्रको शुद्धता र सफाइमा विशेष ध्यान दिइन्छ । यो शुद्धता र सफाइको कार्यले जल जीवनदायिनी हो र यसको संरक्षण र शुद्धता सृष्टिको कल्याणका लागि अपरिहार्य छ भन्ने सन्देश दिन्छ ।

‘नहाए-खाए’ सँगै यस वर्षको महापर्व छठ मंगलबार सुरु भइसकेको छ । बुधबार साँझ खरनासँगै परिवारकी मुख्य महिला र अन्य श्रद्धालुले व्रतसँगै पूजा गर्ने प्रण गरेका छन् । आज बिहीबार सूर्यलाई सन्ध्याकालीन र शुक्रबार प्रातःकालीन अर्घ्यपछि पारन हुन्छ । यसपछि मात्र व्रतालुले व्रत विसर्जन गरेसँगै छठको पनि औपचारिक समापन हुन्छ । यसपटक मात्र होइन, छठ पर्वका क्रममा प्रत्येक वर्ष प्रत्येक पटक अपनाइने प्रक्रिया यही हो । यस अर्थमा भन्ने हो भने यो पर्व चारदिने हो, जो चार दिनसम्मै बडो उत्साह र उमंगले मनाइने गरिन्छ ।

पछिल्लो दिनमा छठ राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रियकरणतर्फ उन्मुख छ । वर्तमानमा यो महापर्व जहाँकहीँ पनि विश्वमा मैथिली र भोजपुरी भाषी छन्, त्यहाँ मनाइने गरिएको छ । मूलतः सूर्योपासनासँग सम्बन्धित यो पर्व प्रकृति पूजनसँग सम्बद्ध छ । यस पर्वका माध्यमबाट प्रकृति जो जीवनदायिनी हो, जीवन सञ्चालक हो, प्रति आभार व्यक्त गर्ने गरिन्छ भन्दा अस्वाभाविक हुँदैन । यतिमात्र होइन सूर्य, जसलाई प्रत्यक्ष जाग्रत देवताका रूपमा स्वीकार गरिन्छ, उनको अनुपस्थितिमा यस जगत्‌को सञ्चालन सम्भव छैन, का प्रति पनि मानवले अनुग्रह भाव प्रदर्शित गर्दै आभार व्यक्त गर्ने पर्व हो छठ ।

सूर्यको उपासना त विश्वका धेरै देश र धेरै संस्कृतिमा हुने गरेको पाइन्छ तर सूर्य पत्नी उषा र सन्ध्या अर्थात् अस्ताउँदो र उदाउँदो दुवै सूर्यको उपासना हुने सांस्कृतिक पर्व सम्भवतः छठमात्र हो । यस्तोमा सुन्दर भविष्यको अपेक्षासहित उदाउँदो शक्तिको उपासनामात्र होइन, बरु विगतको शक्ति जसका कारणले यो सृष्टि र सभ्यता अस्तित्त्वमा छ, आजको अवस्थासम्म आइपुगेको छ । तिनका प्रति अर्थात् अस्ताउँदो शक्तिकाप्रति अर्थात् विगतका पुर्खाप्रति पनि आदर सत्कारको भाव प्रकट गर्ने पर्व हो यो । यो पर्वको केन्द्रीय पूजनीय तत्त्व नै सूर्य हुन् । सूर्यलाई शक्ति मानिन्छ । यस आधारमा यो पर्व शक्ति पर्व पनि हो । सूर्य ऊर्जा केन्द्र हो । यसै ऊर्जाले प्रकृति-सृष्टि सञ्चालित छ । ऊर्जाको अनुपस्थितिमा जीवन सञ्चालन हुनै सक्दैन । यस आधारमा सूर्यप्रति अनुग्रहित हुने पर्वका रूपमा पनि छठ पर्वको महत्त्व छ ।

मिहीन ढंगले विश्लेषण गर्ने हो भने यो पर्व वैज्ञानिक मान्यतामा आधारित छ । यो पर्व मनाउने प्रक्रिया र अवलम्बन गरिने विधिहरू विज्ञानसम्मत देखिन्छन् । आध्यात्म यस्तो पक्ष हो जोसँग पराशक्तिप्रतिको सम्मान, समर्पण र आस्था जोडिएको हुन्छ । श्रद्धा तथा विश्वासका नाममा यदाकदा भय र त्रासले स्थापित मान्यताहरू अनुशरण गर्न बाध्य बनाइरहेका हुन्छन् । छठ पर्वको विश्लेषण गर्ने हो भने आध्यात्मभित्र लपेटिएका केही त्यस्तै भय र त्राश छन्, जसले विज्ञान आधारित स्थापित मान्यताहरू अनुशरण गर्न समाजलाई बाध्य बनाएको छ अथवा भनौं प्रेरित गरेको छ । त्यस्तै एउटा विज्ञान आधारित सन्दर्भ हो अस्ताउँदो र उदाउँदो सूर्यको उपासना । विज्ञानले प्रमाणित गरिसकेको छ, सूर्य उदाउने र अस्ताउने समयमा प्रसारित हुने किरण जीवनका लागि अत्यन्तै उपयोगी छन् । यी किरणको अभावमा जीवन सभ्यताको निरन्तरता सम्भव छैन ।

छठ पर्वलाई यस्ता अनेक वैज्ञानिक अवधारणासँग जोड्न सकिन्छ । अर्को पक्ष हो जल संरक्षण र स्वच्छता । अहिलेको विश्व जलवायु परिवर्तनका कारण सिर्जना भएका र हुने सम्भावना रहेका असरबाट आक्रान्त छ । जलवायु परिवर्तनको न्यूनीकरणको अनेक उपाय खोजिरहेको छ, वर्तमान विश्व । यसबारे विश्वलाई सचेत बनाउने उद्देश्यले ठूलो जनधनको लगानीमा बर्सेनि विश्व सम्मेलन हुने गरेका छन् । यस वर्ष पनि छठको लगत्तै अजरवैजानको बाकुमा यस्तै सम्मेलनको आयोजना हुन गइरहेको छ ।

छठका प्रवर्तकहरूले भने मानव समाज र सभ्यता जोगाउन हजारौं वर्ष पहिले (छठ पर्व मनाउने कुरा कहिलेदेखि अस्तित्त्वमा आएको हो ? यकीन छैन) जलवायु परिवर्तनको सम्भाव्य अवस्था र त्यसको असरबारे सचेतना देखाए । जल र जलाधारको संरक्षण गर्नुपर्ने र प्रकृति जोगाउनुपर्ने वैज्ञानिक आवश्यकताबारे हाम्रा पूर्वजले त्यतिखेरै चिन्ता र चासो व्यक्त गरे । त्यस्तै आध्यात्मिक आस्था तथा विश्वासलाई यसका लागि माध्यमका रूपमा प्रयोग गरे ।

यो पर्व कहिलेदेखि मनाउन सुरु गरियो त्यसको यकीन गर्न सकिएको छैन । यो पर्वको उपासना विधिको विश्लेषण गर्दै गएका खण्डमा यो पर्व मूलतः प्रकृति पूजनसँग सम्बन्धित रहेको पाउन सकिन्छ । यो पर्व जलाशय, नदी, पोखरी, ताल तलैयालगायतका जलस्रोत क्षेत्रमा उपस्थित भई सूर्यको उपासना गरी मनाइन्छ । पर्व मनाउने क्रममा जलस्रोत र सम्बन्धित क्षेत्रको शुद्धता र सफाइमा विशेष ध्यान दिइन्छ । यो शुद्धता र सफाइको कार्यले जल जीवनदायिनी हो र यसको संरक्षण र शुद्धता सृष्टिको कल्याणका लागि अपरिहार्य छ भन्ने सन्देश दिन्छ ।

यस पर्वमा चढाइने वस्तुहरू पनि प्रकृतिमै आधारित छन् । जस्तैः उखु, बोटसमेतको बेसार र त्यसबेला उपलब्ध अन्य कृषि-खाद्य सामग्री । यसले पनि प्रकृतिको सम्मान गर्नुपर्ने पाठ नै सिकाउँछ । मूलतः नेपालको मध्य तथा पूर्वी तराई-मधेसमा हर्षोल्लास र बडो श्रद्धापूर्वक मनाइने महापर्व छठ उदाउँदो र अस्ताउँदो सूर्यको उपासना गरी मनाइने गरिन्छ । यो पर्वमा अस्ताउँदो सूर्यले विगतको स्मरण गर्दै आत्ममूल्यांकन गर्न र उदाउँदो सूर्यले सुन्दर र स्वस्थ्य भविष्यको निर्माणमा जुट्न अभिप्रेरित गर्ने विश्वास गरिन्छ । यो पर्वलाई स्वास्थ्य, निरोगिता र सन्तानप्राप्ति र कल्याण तथा परिवारको उन्नति र रक्षाको पर्वमा श्रद्धापूर्वक मनाइन्छ । सारमा वैज्ञानिक दृष्टिले यस पर्वको महत्त्वलाई यसरी पनि उल्लेख गर्न सकिन्छ ।

**- यसले पवित्रता, स्वच्छता र सफाइको महत्त्वमा जोड दिएको छ, यी स्वास्थ्य र निरोगिताका लागि अनिवार्य छन् ।**

**-यस पर्वले पर्यावरणको सन्तुलन र संरक्षणको सन्देश पनि दिएको छ, जो प्राणीजगत्‌का लागि आवश्यक छ । प्रकृतिप्रति आदर भावको उद्देश्य पर्यावरणको संरक्षणका सन्दर्भमा जनचेतना जागृत गर्नु हो ।**

**-प्रकृति सबैको हो । यो सामूहिक सम्पदा हो । यसको उपयोग सबैले गर्न पाउनुपर्छ र कुनै पनि आधारमा कसैलाई पनि प्रकृतिको सदुपयोगबाट वञ्चित गरिनु हुँदैन भन्ने सन्देश पनि यस पर्वको हो ।**

**-जल, जीवन हो भन्ने महत्त्वपूर्ण सन्देश यस पर्वले दिएको छ ।**

**-बिहान र बेलुकाको सूर्यको किरण मानव स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने सन्देश पनि यस पर्वमा निहीत छ ।**

सूर्य र प्रकृतिले जसरी कसैप्रति भेदभाव गर्दैन । त्यसरी नै छठ पर्वले पनि कसैलाई भेदभाव गर्दैन । पूजा र उपासनामा कसैलाई निषेध गर्दैन । छठ घाटमा मधेसीमात्र उपस्थित हुँदैनन् । हिन्दूमात्र पनि उपस्थित हुँदैनन् । सम्पन्न, धनी र हुनेखानेमात्र सहभागी हुँदैनन् । जातपातका आधारमा छुवाछूत देखिँदैन । छठ पर्वप्रतिको आस्थामा कसैमा विभेद्‌को अनुभूति हुँदैन । सबैले आत्मसम्मान र प्रतिष्ठासहित जीवनयापन गर्न सकून्, छठ पर्वको सन्देश विश्लेषण गर्ने हो भने पनि सारमा यही कुरा बुझ्न सकिन्छ-सर्वजन हिताय सर्वजन सुखाय । *रासस*

*(लेखक राससका कार्यकारी अध्यक्ष हुन्)*




# देउसी, सिस्नुपानी र ओली !

*‘ए भन भन भाइ हो, देउसी रे !*
*ए राम्ररी भन देउसी रे !*
*सत्ता खाउ..., देश डुबाउ..., जनता लुट...,*
*युवाहरू बेच......., देशै रित्तो...देउसी रे !’*

यस्तै यस्तै व्यंग्यसहितका देउसी सुन्न पाएर खुसीले दंग छन् चिरञ्जीवी । चिरञ्जीवी सरकारी जागिरेमा छन् । अधिकृतमा लोकसेवा पास भएर सिंहदरबार छिरेको १७ वर्ष बित्यो । उनी त्यही मस्तले जागिर खाइरहेका छन् । उनीसँगै पढेको ख्याम राजनीतिमा छन् भने श्याम सरकारी मास्टर । यी तिनै जनामध्ये श्याम निकै पढन्ते । त्यही भएर नि होला उसले शिक्षण पेसा रोजेको । वर्षौंपछि यी तीनै जना भेटिए देउसीभैलो कार्यक्रममा ।

प्रज्ञा भवनको प्रेक्षालयमा भएको त्यो देउसी भैलो कार्यक्रमभन्दा पनि दसैं तिहार मेलोमा मैलो फाल्न कार्यक्रमभन्दा पनि ठीक होला । देउसीभैलो त पुर्खौंदेखि चल्दै आएको संस्कृति थियो । यो त विकृति ओकल्ने कार्यक्रम भयो । त्यसले पनि त्यो मैलो फाल्ने कार्यक्रममा भेटिएका दौतरी बुझेर दंग परेका छन् कि म त अंग्रेजीबाट ‘गड’ नै हो वा त्यसको ठ्याक्कै उल्टा ‘डग’ पो हुँ भनेर हाँसेका हुन भन्न सकिएको छैन ।

देउसीका नाममा सिस्नुपानीले राजनीतिज्ञहरूलाई अगाडि राखेर चुट्नुसम्म चुटेको है भन्दै दंग परेका छन् चिरञ्जीवी । तर, श्यामले फचाट्टै भने- यो त गाईजात्रा हो । यो देउसीका नाममा गरिएको गाईजात्रा हो । देउसी त हुनै सक्दैन । किनभने यसमा न परम्परा छ, न संस्कृति छ । संस्कृति र परम्परा नै नभएको कसरी देउसी हुन्छ ? उनले प्रश्न गरे ।

ख्यामले भने टाउको हल्लाउँदै श्यामको कुरालाई मौन समर्थन गरिरहेका थिए । ऊ त राजनीतिक प्राणी जसोजसो बाहुन उसैउसै स्वाहा गर्नुपर्ने । मुसुमुसु मात्र हाँसिरहने ।

विचराहरू के गरुन् त ! देश चुर्लुम्म डुब्न लागिसक्दा पनि के-के सकिने काम नभएको जसरी घण्टौं हलमा आफैंलाई गाली गरेको हेरेर दंग पर्न राजनीतिक दलका लिडर आजकल सांसद किनबेच गर्ने भएकाले होला डिलर भएका छन् क्यारे । तिनलाई त केही भएको छैन । अरूलाई के छुन्थ्यो र !

एकै स्कुलमा बढेका चिरञ्जीवी सरकारी अधिकृतबाट प्रमोसन नै हुन सकेन तर पनि उसले मस्तसँग कमाएको छ । उसको कमाइको त कुरै नगरौं काठमाडौं दुई-चार रोपनीमा ठूलो कुटी भएको छ, विचराले । लगानी केही गर्नै पर्दैन, विनालगानी फाइदा नै फाइदा । तर, साथी श्यामलाई पढाएर भ्याइनभ्याइ छ तर पनि गतिलो मोटरसाइकल पनि किन्न धौधौ परेको छ । अर्को ख्यामको त कुरा के गर्नु । बोलेको र हिंडेकै भरमा पैसा आइरहने ।

खै कसरी आउँदो रैछ ? राजनीति व्यापार भनौं व्यापार होइन । तर, पनि उनीलाई पैसाको खाँचो, धन सम्पत्तिको कहिल्यै समस्या नपर्ने । त्यही भएर श्याम दंग परेको देउसीका नाममा भए पनि अगाडि राखेर सिस्नुपानी त हानेका छन् नि ।

तीनै जना दंग छन् । तीनै जनाको पेसा फरक छ । बुझाइ फरक छ । त्यही भएर नि होला आफैंले आफैंलाई सम्झेर दंग परेका होलान् । एउटाले अर्कोलाई तँलाई पो व्यंग्य गरेको हो मलाई त कहाँ हो र पनि भन्दै होलान् मनमनै ।

कार्यक्रम देउसीभैलो तर सुरुको शब्ददेखि अन्तिमको शब्दसम्म व्यंग्यबाहेक केही छैन । देउसी भनौं भने इतिहासका कुरा छैन । संस्कृतिको ‘स’ पनि उच्चारण छैन । जात्रा भनौं भने त्यस्तो जात्रा पनि हैन । खै के भनौं भनौं ।

नराम्रो भनौं ‘लाइक’ र ‘भ्युज’ हेरेर मूल्यांकन गरिने देश हो । राम्रो भनौं मनले पटक्कै मान्दैन । प्रेक्षालयमा पूर्वप्रधानमन्त्री, बहालावाला प्रधानमन्त्रीदेखि हुनेवाला प्रधामन्त्रीसम्म दर्शकदीर्घामा बसेर मुसुमुसु हाँसिरहेका छन् । आफैंलाई सरापेको हो कि आशिष दिएको ठम्याउन नै सकेका छैनन् ।

आखिर सिस्नुपानी भनेपछि त कहाँ रामायण महाभारतको कुरा हुन्छ त ? प्रचण्ड हुन् कि माकुने, झलनाथ हुने कि बाबुराम । लिङ्देन हुन् कि प्रकाशमानसँगै खुसखुस गरेका छन् । एकै ठाउँमा बस्या छन् । विचरा आफ्नै मुटुमा छियाछिया हुनेगरी घोच्दा पनि ऐयासमेत नभनी दंग परी हाँस्या छन् ।

विद्यार्थीलाई घोक्रो फुट्नेगरी पढाउने, सबैसँग डराउने त्यो मास्टर किन दंग नपरोस् । लाखौंको टिकट बिकाइदिने चिरञ्जीवीका पदायु दीर्घजीवी किन नबनोस् । अनि लाखौंको विज्ञापन मिलाइदिने ख्यामलाई ड्याम-ड्याम किन भनोस् ।

देउसी सिस्नुपानीको । विज्ञापन बेइमानीको । अनि थप उखान ओलीको । अरुले के गरे कुन्नि तर जसको निम्तो उसैको भतेर भन्दै ओलीले सिस्नुपानीलाई नै सिस्नुपानी लगाइदिए । देउसी हो कि गाईजात्रा, पाहुना बोलाएर सत्तोसराप गर्ने के हो काइदा । अलिअलि बुझेजस्तो अलिअलि सुनेजस्तो कान नछाम्ने अनि कागको पछि दगुर्ने ? धेरै निराशा हुनुभन्दा आशा गर्नु नै उत्तम ।

सिस्नु पानीको देउसीभन्दा ओलीको बोली पो छ गोली । रंगशालादेखि खाएको गाली, चिरञ्जीवी र ख्यामले पो बजाउन लगाएछन् ताली । ताली र छाली उस्तैउस्तै हो । बूढाबूढी गाउँमै होउन्, छोराछोरी विदेश होउन्, भन्ने आशिष होइन छोराछोरी देशमै होउन्, बूढाबूढी खुसी होउन् ।

यो पो हो त देउसीको आशिष । देउसी र सिस्नुपानीमा रमाएका ओलीको बोली । बोली सधैं पुगोस्, उखानले मात्र नचलोस् ।

भन भन भाइ हो- देउसी रे !



**सामा-चकेवाको मूर्ति** | मिथिलाञ्चलमा दाजुभाइ तथा दिदीबहिनीको प्रेमको प्रतीक मानिएको सामा-चकेवा पर्वका लागि उत्कृष्ट माटोले बनाइएको सामा, चकेवा, सतभैया, चुल्हा र वनतित्तिरको मूर्ति । *तस्विरः अमरेन्द्रकुमार यादव/रासस*

# जंगली हात्तीले गऱ्यो धान र केराखेती नष्ट

**चन्द्रपुर (रौतहट)–** जिल्लाका विभिन्न गाउँमा जंगली हात्ती पस्न थालेपछि स्थानीय त्रसित भएका छन् । जंगली हात्ती गाउँ छिरेपछि अहिले जिल्लाको गुजरा, वृन्दावन र चन्द्रपुर नगरपालिकाका स्थानीय त्रसित बनेका हुन् ।

हात्तीले भित्रचाउने बेलाको धान नष्ट गर्न थालेपछि किसान चिन्तित छन् । गत आइतबारमात्रै रौतहटको गुजरा नगरपालिका-२ को चोचा, मैरालगायत गाउँमा हात्तीले भित्रचाउने बेला भएको धानबाली नष्ट गरेको थियो । करिब पाँच बिघाभन्दा बढी खेतमा लगाइएको धानबाली हात्तीले नष्ट गरेको गुजरा-२ का वडाध्यक्ष अशोककुमार चौधरीले जानकारी दिए । हात्तीले लक्ष्मी चौधरी, रामविश्वास चौधरी, जगदीश माझी, खहेरु साहलगायत स्थानीयको धान नष्ट गरेको उनले बताए ।

केहीदिन अघिमात्रै चन्द्रपुर नगरपालिका-२ वनटोलमा जंगली हात्ती पसेर धान तथा उखुबाली नष्ट गरेको थियो । बिहानै धानबारीमा हात्ती देखेपछि स्थानीय त्रसित भएका थिए । हात्तीले वनटोलको धान तथा उखुबाली पूर्णरूपमा नष्ट गरेको स्थानीय बाबुराम घिसिङले जानकारी दिए ।

चन्द्रपुर-३ गैंडाटारमा हात्तीले केराखेतीमा क्षति गरेको छ । गाछी टोलमा दर्जनौं हात्ती केरा बारीमा प्रवेश गरी क्षति पुऱ्याएको स्थानीय गोपाल फुँयालले जानकारी दिए । सो गाउँको एक बिघाभन्दा बढी क्षेत्रफलमा लगाइएको केराखेती हात्तीले नष्ट गरेको उनले बताए । त्यसैगरी वृन्दावन नगरपालिका-१ बलेरी क्षेत्रमा पनि जंगली हात्तीको आतंकले स्थानीय त्रसित बनेका छन् । साँझ पर्नेबित्तिकै सधैं गाउँ आउने जंगली हात्तीको समूहले किसानको धानबालीमा क्षति पुऱ्याउन थालेपछि स्थानीय चिन्तित बनेका हुन् । स्थानीय सुरेन्द्र पटेलका अनुसार श्री भगवान् ठाकुर, ठाकुर राउतसहित दर्जनौं किसानका खेतमा लगाइएको धान हात्तीले नष्ट गरेको छ । उक्त गाउँका बासिन्दा हात्तीका कारण रातभरि जाग्रम बस्न बाध्य छन् ।

गत सातामात्रै फतुवा विजयपुर-११ बुटुवा राँगीमा हात्तीको आक्रमणबाट पातलीमाया तामाङको ज्यान गएको थियो । गत शुक्रबार बिहानै फतुवा विजयपुर-११ राँगीमा बस्ने ७० वर्षीया तामाङको हात्तीको आक्रमणबाट ज्यान गएको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ । घरमा सुतिरहेको अवस्थामा हात्तीले आक्रमण गर्दा तामाङको ज्यान गएको थियो । जंगली हात्तीले एक्कासि घरमाथि आक्रमण गर्दा मृतकका श्रीमान् भागेर ज्यान बचाउन सफल भएका थिए ।

धान पाक्ने बेला भएपछि पर्सा राष्ट्रिय निकुञ्जबाट बर्सेनि हात्ती रौतहटको गैंडाटार, जुडिबेला, पौराई, चन्द्रनिगाहपुर, गुजराको चोचा, मैरा, जंगलसहिया गाउँ, वृन्दावनको बलरी, फतुवा विजयपुर नपाको राँगी बुटुवालगायत गाउँमा पस्ने गर्दछन् । हात्तीले खासगरी उखु, धान, केराखेतीमा क्षति पुऱ्याउँदै आएका छन् । गत वर्षमात्रै हात्तीको आक्रमणबाट चन्द्रपुरमा घाँसदाउँरा गर्न गएका दुईजना महिलाले ज्यान गुमाएका थिए । हात्ती आतंकले गर्दा यहाँका नागरिक घाँसदाउरा गर्न जंगल जानसमेत छाडेका छन् ।

हात्तीले क्षति पुऱ्याएकाको परिवारलाई डिभिजन वन कार्यालयले क्षतिपूर्ति दिने निर्णय गरेको छ । डिभिजन वन कार्यालयमा हात्तीले क्षति पुऱ्याएका पीडित परिवारले राहतका लागि निवेदन दिएका छन् । हालसम्म करिब २० जनाले राहतका लागि निवेदन दिएको डिभिजन वन प्रमुख हेमन्तप्रसाद साहले जानकारी दिए । हात्तीको आक्रमणबाट ज्यान गुमाएका, घाइते भएका, घर भत्किएका, बाली क्षति भएकाको यकीन विवरण संकलन गरेर क्षतिपूर्ति दिने प्रावधान रहेको उनले उल्लेख गरे ।

कानुनअनुसार पीडित परिवारलाई क्षतिपूर्ति दिइने भन्दै क्षतिको विवरण संकलन भइरहेको साहले जानकारी दिए । हात्तीको आक्रमणबाट बच्न जंगलको छेउछाउमा बस्ने स्थानीयलाई डिभिजन वन कार्यालयले सचेत गराउँदै आएको बताउँदै उनले सर्वसाधारण आफैं पनि सचेत र चनाखो भएर बस्नुपर्नेमा जोड दिए । *रासस*

# आशामै बित्यो बाढीपीडितको एक महिना

■ **पेमा लामा**



**धुलिखेल–** अविरल परेको वर्षाका कारण रोशी खोलामा आएको बाढीले बस्ने घर र खाने अन्न फलाउने खेत सबै बगाएपछि पनौती नगरपालिका-१२ रोशी बजारकी गीता केसी छिमेकीको घरमा बस्दै आएकी छन् । भएको घरबार, लत्ताकपडा अनि पकाएर खाने भाँडाकुँडा सबै बगाएपछि राज्यले केही गरिदिन्छ कि भन्ने आशामा बस्दै दिनगन्ती गरेको एक महिना पनि बढी भयो ।

राज्यले बासस्थान बनाइदिने भन्ने कुराले मनमा आशा पालेर बसेका बाढी, पहिरोपीडितको एक महिना त्यतिकै बितेको छ । अहिलेसम्म उचित व्यवस्थापनसमेत नगरेको उनको गुनासो छ । पाँच रोपनी जग्गामा लहलह झुलेको धान सबै सखाप हुनेगरी नजिकै रहेको घरबारसँगै बाढीले बगाएपछि अहिले उनीहरू छिमेकीको घरमा रात बिताउँदै आएका छन् । 'बाढीले ल्याएर थुपारेको ढुंगा, दाउरा र काठ पन्छाएर भए पनि अन्न फलाउने खेत त बनाउनै पऱ्यो,' यत्रतत्र छरिएका काठ र दाउरा टिप्दै उनले भनिन्, 'आफ्नो भएको जग्गा नै यही हो, अरू विकल्प केही छैन ।' खाद्यान्नचाहिँ अलिअलि पाइरहेको र केही दिनअगाडि जस्तापाता बाँडेकाले लिएर राखेको उनले सुनाइन् । सरकारले छिट्टै बास बस्ने ठाउँको उचित व्यवस्थापन गरिदिए बाढीले बगाएर खोलासँगै धमिलिएको मन केही भए पनि सफा हुने उनी बताउँछिन् ।

बाढीले ढलाएको घर हेर्दै खोलाको बगरमाथि त्रिपालमा सुकाएको धान सफा गर्दै रहेकी माथिल्लो रोशी बजारकी मनकुमारी तामाङले खाने र बस्ने स्थानको सुनिश्चितताको आशामा दिन बितिरहेको बताइन् । पनौतीमा कोठा लिएर बस्दै आएका उनीहरू बस्ने घर नै नभएपछि त्यहीं नजिक रहेको जस्ताको सानो टहरामा धान भित्रचाउने सुरसारमा छन् । 'सधैं त कोठा लिएर बस्न सकिँदैन,' उनले भनिन्, 'अब कसरी बनाउने भन्ने चिन्ताले सताइरहेको छ ।' खेती किसानी गरेर जीविका चलाउँदै आएका परिवारको आम्दानीका रूपमा रहेको फर्निचरसमेत घरसँगै बाढीले बगाएपछि एक महिनादेखि कष्टकर जीवन बिताइरहेको उनले सुनाइन् ।

अर्का स्थानीय बासिन्दा मैना तामाङले घर ढलेको पीरसँगै खल्लो गरी बिताएको दसैं, तिहार सकिए पनि घरबार र खाने कमाउने कुनै टुंगो नभएको सुनाइन् । सोही ठाउँका नवराज गुरुङ गाउँका युवाहरूलाई ज्यालामा लगाएर बाढीले थुपारेको गेग्रानहरू पन्छाउन थालेका छन् । यसअघि खोलाको बाढी र काम गर्ने मान्छे पनि नपाएको अवस्था रहेकामा विस्तारै पुरिएको बासस्थान व्यवस्थित गर्न थालेको उनले बताए ।

दुईतले घर बगाएपछि बिचल्लीमा रहेका शंकर तामाङ छिमेकीको घरमा बस्दै आएका छन् । बस्ने घर बनाउन पैसा नै नभएको र खाने अन्नपात संघसंस्थाले वितरण गरेकाबाट चलाइरहेको उनी राज्यले सुरक्षित बस्ने ठाउँको व्यवस्थापन गरिदिने आशामा रहेको बताउँछन् । सोही गाउँका रवीन्द्र नगरकोटीले बाढीपहिरो गएको एक महिना बितिसक्दा पनि के कस्तो समस्या छ र खाने बस्नेको अवस्था के कस्तो छ भनेर स्थानीय सरकार एकपटक पनि सोध्न नआएको गुनासो गरे । सबै चीज बगाएपछि बालबालिकाको पढ्ने ठाउँ र बस्ने स्थानको सुनिश्चित नहुँदा समस्यामा परेको उनको भनाइ छ ।

स्थानीय राजेन्द्र केसीले व्यक्तिको घरबारी र खेत सबै बगाएपछि बिचल्लीमा परेका नागरिकलाई सुरक्षित ठाउँमा आवासको व्यवस्थापन गर्न अपरिहार्य रहेको बताए । 'विपद्पछि उद्धार र राहतसँगै बाटोघाटो त बन्यो, तर उनीहरूलाई त्यसले खासै छोएको छैन,' उनले भने, 'सुरक्षित तरिकाले बस्ने आवास छैन, कमाइ खाने ठाउँ छैन । राज्यले यहीको भूगोललाई छनोट गरेर एकीकृत रूपमा बस्ने आवासको व्यवस्थापन गर्न आवश्यक छ । बस्ने घर नै नहुँदा बालेको बिजुली, पुऱ्याएको मोटरबाटो र खानेपानी कसरी उपभोग गर्ने ?'

पनौती नगरपालिका-१२ का वडाध्यक्ष जयराम केसी यहाँका नागरिकका लागि बगरमा बाढीको र डाँडापाखामा पहिरोको डर भएकाले व्यवस्थित एवं एकीकृत बस्ती विकासतर्फ सरकारको ध्यान जानुपर्ने बताउँछन् । बासस्थानका लागि उचित ठाउँको अभाव भएको कारण तिहारपछि जनप्रतिनिधिको बैठक बसेर आवास व्यवस्थापनका लागि आवश्यक कदम चाल्ने उनले बताए । यसपटकको बाढीपहिरोबाट यस वडामा पाँचजनाको मृत्यु भएको र ३०० भन्दा बढी घरमा पूर्णक्षति भएको छ ।

त्यस्तै, ७० भन्दा बढी गाईभैंसी, पाँच हजारभन्दा बढी कुखुरा र २०० भन्दा बढी खसीबोका पुरिएको छ । अझै विवरणहरू संकलन भइरहेको र सडक, विद्युत्, खानेपानीलगायत कामलाई व्यवस्थित गर्दै अगाडि बढिरहेको वडा कार्यालयले जनाएको छ । पनौती नगरपालिका प्रमुख रामशरण भण्डारीले पहिलो आवश्यकता आवास भएकाले त्यसको आवश्यक व्यवस्थापन गर्ने कार्यमा जोड दिइएको बताए । उनी भन्छन्, 'बस्ने ठाउँको व्यवस्थापन गर्न सकेको अवस्थामा वस्तुभाउ पालेर पुनः जीवनयापनलाई विस्तारै पुरानै लयमा फर्काउन सकिने छ ।' उनले यस खालको विपद् फेरि पनि सहन नपरोस् भन्नका लागि पनि राज्यले सुरक्षितरूपमा बसोबासको व्यवस्थापन गर्न संघीय सरकारबाट नै सहयोग आवश्यक रहेकामा जोड दिए ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले तत्कालका लागि खाद्यान्नलगायत आवश्यक व्यवस्थापनका लागि विभिन्न संघसंस्थाहरूले वितरण गर्ने नगद सहयोगमा वितरणमा पाँच जनासम्मको परिवार भएकालाई १५ हजार रूपैयाँ र त्यसभन्दा बढी भएको परिवारलाई २० हजार रूपैयाँका दरले एकरूपता हुने गरेर वितरण गर्ने निर्णय भएको जनाएको छ । बासस्थान निर्माण गर्ने विषयमा जोखिमयुक्त बस्तीको भौगोलिक अवस्था अध्ययनका लागि राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सहरी विकास तथा भवन कार्यालयलाई अनुरोध गर्ने निर्णय भएको छ ।

विपद्पछिको एक महिनामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, गृहमन्त्री रमेश लेखक, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहलगायतले बाढीपहिरो प्रभावित क्षेत्र पनौती-१२ रोशी बजार क्षेत्र कलाँती भूमिडाँडाको स्थलगत निरीक्षण गरिसकेका छन् । *रासस*

# प्लास्टिक निरूत्साहित गर्न बायोप्लान्ट उद्योग सञ्चालन

**कैलाली (प्रस)–** प्लास्टिक निरुत्साहित गर्ने उद्देश्यले कैलालीको भजनी नगरपालिका-१ मा दुई जना युवाले मष्टा बायोप्लान्ट उद्योग सञ्चालनमा ल्याएका छन् । बजारमा प्रयोग हुने प्लास्टिकको विकल्पमा वातावरणयुक्त झोला उत्पादन गर्न उक्त बायो प्लान्ट उद्योग सञ्चालनमा ल्याइएको हो ।



भजनी-५ का भीमबहादुर विक र वडा नं १ का करन कार्कीले संयुक्त लगानीमा उद्योग सञ्चालन लाएका हुन् । सरकारले प्लास्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना २०७८ स्वीकृत गरेसँगै उद्योग सञ्चालनमा ल्याएको भीमबहादुर विकले बताए । बजारमा प्रयोगमा ल्याउने प्लास्टिकले मानवीय तथा वातावरणीयरूपमा प्रतिकूल असर पर्ने भएकाले विकल्पका रूपमा उद्योग सञ्चालनमा ल्याइएको उनले उल्लेख गरे ।

एक करोड रूपैयाँभन्दा बढी लगानी गरेर सञ्चालनमा आएको उद्योगले दैनिक सात क्विन्टलसम्म झोला उत्पादन गर्नसक्ने छ । झोला बनाउने उपकरण खरिद गर्नमात्रै ८० लाख रूपैयाँ खर्च भएको विकले जानकारी दिए । 'आफ्नै क्षेत्रमा केही गर्नुपर्छ भन्ने मानसिकताले समयको आवश्यकताअनुसार उद्योग सञ्चालनमा ल्याएका हौं,' उनले भने, 'स्थानीय सरकारको साथ सहयोग भयो र प्लास्टिक निषेध गर्न सकियो भने स्थानीयस्तरमा रोजगारी सिर्जनादेखि व्यवसाय चलायमान बन्दै जाने विश्वास गरेका छौं ।'

दुई वर्ष सम्भाव्यता अध्ययन गरेर उद्योग सञ्चालनमा ल्याइएको अर्का सञ्चालक करन कार्कीले बताए । उनले उद्योगको भविष्य स्थानीय सरकार र व्यापारीमा निर्भर रहने उल्लेख गरे । 'स्थानीय सरकारले स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर वातावरणमैत्री झोलाको प्रयोगलाई प्रोत्साहन गर्न सक्नुपर्छ । यो अहिलेको आवश्यकता हो भने सरकारले ल्याएको कार्ययोजनाको कार्यान्वयन गर्ने आधार पनि हो,' कार्कीले भने, 'हामीले प्लास्टिकको विकल्पको आधार तयार गरेका छौं । यसमा व्यापारी र सरकारको साथ चाहिएको छ ।'

भारतसँग खुला सिमाना भएकाले प्लास्टिकका झोला सहजै चोरीपैठारीबाट नेपाली बजारमा भित्रने समस्या रहेको बताउँदै कार्कीले सोही कारण बजारीकरणमा चुनौती हुने उल्लेख गरे । प्लास्टिकको झोला बजारमा प्रतिकेजी ३०० रूपैयाँमा उपलब्ध हुँदा उद्योगले उत्पादन गरेको वातावरणमैत्री झोला प्रतिकेजी ३५० रूपैयाँमा बिक्री गर्नु परिरहेकाले बजारीकरणमा समस्या हुने उनको भनाइ छ ।

स्थानीय बजारमा उत्पादन भएको झोला खपत नहुँदा धनगढीमा भने राम्रो माग भइरहेको कार्कीले बताए । 'धनगढीमा प्लास्टिक निषेध गरिएको छ । त्यहाँ हाम्रो उद्योगको झोलाको माग बढिरहेको छ,' उनले भने, 'स्थानीय बजारमा व्यापारी महँगोमा झोला खरिद गर्न चाहिरहनुभएको छैन ।' गत असोज १ गतेदेखि सञ्चालनमा आएको उद्योगले २० जनासम्मलाई रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । तत्काल नागरिकमा विश्वास दिलाउन नसकिए पनि निकट भविष्यमा आफैं माग बढेर जाने विश्वास उनीहरूको छ ।


**युएईमा रोजगार** — कम्पनी : ROYAL FOR EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२१ | LT. No. 305029 | चलानी नं. ६०२१९७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 30 | 0 | 900 | ३२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 45 | 0 | 1200 | ५८,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**युएइमा रोजगार** — कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313067 | चलानी नं. ६०२२७४५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 175 | 25 | 800 | २९,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Garden Hotel, Chitwan मा मिति: २०८१ कात्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ । सम्पर्क: ९८२९४९०४८२, (Pre-interview on 10th Nov)
Bajeko Sekuwa, Pokhara मा मिति: २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ । सम्पर्क: ९७०६६०२६९७/ ९७०६६०२६९९,(Pre-interview on 11th Nov)
C.P Hotel Birtamode, Jhapa मा मिति: २०८१ मंसिर १ गते (16th Nov. 2024) मा हुनेछ । सम्पर्क: ९७०८३१४१२/९७१६९६९१७३/ ०२३५३३९५,(Pre-interview on 12th Nov)
Rose Party Palace, Butwal मा मिति: २०८१ मंसिर २ गते (17th Nov. 2024) मा हुनेछ । सम्पर्क: ९८०२६३५०३५
Xo-xo Restaurant, Kathmandu मा मिति: २०८१ मंसिर ३ गते (18th Nov. 2024) मा हुनेछ । (Pre-interview on 13th Nov)
Final Interview: Xo-xo Restaurant, Kathmandu मा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ ।
काठमाडौको लागि सम्पर्क: ९८१४०६७३२४, ९८५११६८८९१, ९८४१३७४०१२, ९८४९९८७०६०, ९७६१६४४६०५

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

M.B. HUMAN RESOURCE PVT.LTD.
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com
Govt. License No. 1504/074/75

**कुवेत/साउदीमा रोजगार** — कम्पनी : AL RAYA AL BAYDA TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२१ | LT. No. 304013 | चलानी नं. ६०२१८८३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 3 | 0 | 150 | ६५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 2 | 0 | 135 | ५९,२०५ | | | | | | | |
| 3 | Packaging Worker | 4 | 0 | 95 | ४१,६६० | | | | | | | |
| 4 | Techinician | 4 | 0 | 135 | ५९,२०५ | | | | | | | |

कम्पनी : KYAN AL-SHARQI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313139 | चलानी नं. ६०२२७५५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver (Truck) | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd. — श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

**युएईमा रोजगार** — कम्पनी : UNITED ENGINEERING CONSTRUCTION CO UNEC

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312811 | चलानी नं. ६०२२७५८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 50 | 0 | 1000 | ३६,६४५ | | | | | | | |
| 3 | Steal Fixer | 50 | 0 | 1200 | ४३,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

N.B. INTERNATIONAL MENPOWER Pvt. Ltd. — श्रम इजाजत नं. ४०२/०६०/६१
Ratopul-9, Kathmandu Nepal, Contact: 9852677632, 9852034216, 9802034216, 9854033133, 9804984206
Email: n.bintarnationalmanpowerpvt.ltd@gmail.com, fishtaillopt@gmail.ccom, Web: nbinternationalmanpower.com.np

**साउदीमा रोजगार** — कम्पनी : Restaurants Al Khayarat Al Mabtakra for Meals

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313087 | चलानी नं. ६०२२७५९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २९ गते (14th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd. — श्रम इजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com




## स्नो लियोपार्ट पुरस्कृत

पत्रकार प्रदीप पोखरेलद्वारा निर्देशित डकुमेन्ट्री फिल्म स्नो लियोपार्टले मेक्सिकोमा सम्पन्न भएको वाइल्डलाइफ कन्जरभेसन फिल्म फेस्टिभलमा अनरेवल मेनसन अवार्ड जितेको छ । अक्टोवर २४ देखि २७ सम्म भएको फेस्टिभलमा बेलायत, अमेरिका, क्यानडा, अस्ट्रिया, फ्रान्स, रूस, मेक्सिको, नेदरल्याण्ड, अस्ट्रेलिया, नर्वे, स्पेन, जर्मनी, भारत, पाकिस्तान, थाइल्याण्ड लगायत दर्जनौं देशका सयौं फिल्मले प्रतिस्पर्धा गरेका थिए । सबै फिल्म तथा डकुमेन्ट्रीहरु वन्यजन्तु संरक्षण सम्बन्धी कथामा आधारित थिए ।





# सातामा दुई भाग 'सकस' ल्याउँदै राजु मास्टर

■ प्रभाव संवाददाता



**काठमाडौं–** पछिल्लो समयको हिटमध्ये एक सिरियल 'सकस' हप्तामा दुई भाग प्रसारण हुने भएको छ । युट्युबमा दर्शकबाट राम्रो साथ पाएको यो सिरियल शनिबार प्रसारण हुँदै आएको छ ।

अहिलेसम्म यस सिरियलको ५१ भाग प्रसारण भइसकेको छ । आगामी शनिबार यस सिरियल प्रसारणको वर्ष दिन पुग्दैछ अर्थात ५२ औं भाग प्रसारण हुनेछ ।

आगामी साता देखि सातामा दुई भाग प्रसारण गर्ने योजनामा सिरियलका निर्देशक तथा लेखक राजु पौडेल 'राजु मास्टर' छन् । अबदेखि उक्त सिरियल दर्शकले मंगलबार र शनिबार हेर्न पाउने छन् ।

उनी भन्छन्, '५२ औं भाग मंगलबार प्रसारण हुन्छ । ५४ औं भाग शनिबार प्रसारण हुन्छ । दर्शकले हरेक साता दुई नयाँ भाग हेर्न पाउनुहुन्छ ।'

दर्शकको मागअनुसार सातामा दुई भाग प्रसारण गर्ने योजनामा पुगेको निर्देशक पौडेल बताउँछन् । उनी थप्छन्, '३५ मिनेट हेर्न हामीले एक साता कुर्नुपर्ने, सातामा दुई पटक सिरियल चाहियो भन्ने माग दर्शकले गरेकाले यो निर्णय भएको हो ।'

दर्शकको मागकै कारण नयाँ सिरियलको काम स्थगन गरि सातामा दुई पटक 'सकस' ल्याउने तयारीमा जुटेको उनी बताउँछन् ।

यस सिरियलमा पौडेलसहित तारा केसी, श्रीप्रसाद थापा, विनोद श्रेष्ठ, मुकेश हमाल, अन्जु निरौला, कमला रेग्मी, अमृत श्रेष्ठ, कृष्ण रेग्मी, राजु कार्की, लक्ष्मण चौलागाईं लगायतको अभिनय छ । यो सिरियल हिमालय टेलिभिजन र युट्युबमा 'मास्टर टीभी'मा प्रसारण हुँदै आएको छ ।

# 'ह्रस्व दीर्घ'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चन्द्र पन्त निर्देशित मल्टिस्टारर फिल्म 'ह्रस्व दीर्घ'को ट्रेलर सार्वजनिक भएको छ । ३ मिनेट २८ सेकेन्ड रनटाइमको ट्रेलरले कथावस्तु र चरित्र चित्रणबारे महत्वपूर्ण प्रकाश पार्छ ।

ट्रेलरको न्यारेटरको रूपमा छन् सरोज खनाल । प्रदीप रावतको क्यारेक्टर परिचयसँगै ट्रेलर सुरु हुन्छ । हरि र नारायणी नामक जोडीले प्रेम सम्बन्धको रक्षाको लागि गर्ने संघर्षको कथावस्तु वरपर फिल्म घुमेको छ । शीर्ष भूमिकामा हरिहर अधिकारी र नीता ढुंगाना छन् ।

ब्रम्हनन्दम, विपना थापा, सुनिल बर्मा, मोहम्मद अली, कुबीर दुहान, रेखा थापा, आदर्श मिश्रा, गरिमा शर्मा, प्रशान्त ताम्राकार, संचिता लुइँटेल, अग्रिम पण्डित, निर्मल शर्मा, बुद्धि तामाङ, रविन्द्र झालाई पनि ट्रेलरमा चित्रण गरिएको छ । रेखा माताको भूमिकामा देखिएकी छन् । ट्रेलरमा एक्सन दृश्य पनि समेटिएको छ ।

'कसैले नदेखेको, कसैले नसुनेको, यही युगबाट सुरु भएको हरि र नारायणीको कथा' न्यारेटर समेत रहेका खनालले ट्रेलरमा भनेका छन् । नीता फिल्म्सले निर्माण गरेको यो फिल्म कात्तिक ३० गते नेपाल र भारतमा समेत रिलिज हुँदैछ ।

नेपालमा नेपाली र हिन्दी दुबै भाषामा प्रदर्शन हुने भएको छ । नेपाल र भारतबाहेकका मुलुकमा भने एकसातापछि ल्याउने तयारी छ । यो फिल्म १४ जापानी सहरमा ७ डिसेम्बरदेखि रिलिज हुँदैछ ।



# छठपर्वमा अस्ताइन् चर्चित भोजपुरी गायिका सिन्हा

■ प्रभाव संवाददाता



**वीरगञ्ज (पर्सा)–** छठ पर्वसँग सम्बन्धित गीत गाएर प्रसिद्धि कमाएकी भारतीय लोकगायिका शारदा सिन्हाको निधन भएको छ । भारतको नयाँ दिल्लीस्थित एम्स अस्पतालमा उपचार गराइरहेकी ७२ वर्षीया गायिका सिन्हाको मङ्गलबार साँझ निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

भोजपुरी तथा मैथली भाषाकी लोकगायिका सिन्हाले गाएका लोकगीत भारतीयसहित नेपाली गीत, सङ्गीतका पारखीले मन पराउँदै आएका छन् । उनले गाएको छठसँग सम्बन्धित 'डोमिनी बेटी सुप लेले ठार छे', 'अँगना में पोखरी खनाइब, छठी मैया आइथिन आज', 'मोरा,भैया गैल मुंगेर' लगायत गीत चर्चित छन् ।

वीरगञ्जका कलासाहित्य क्षेत्रका अनुरागीहरूले पनि लोकगायिका सिन्हाको निधनले स्तब्ध बनाएको प्रतिक्रिया दिएका छन् । नारायणी वाङ्मय प्रतिष्ठानका पूर्वसचिव मनोज उपाध्यायले लोकगायिका सिन्हालाई भोजपुरी गीतका उज्जवल नक्षेत्रको रूपमा स्मरण गरे ।

'सिन्हाले लोकआस्थाका रूपमा मनाइने पर्व छठको गीतलाई आफ्नो सुमधुर आवाजमार्फत जनस्तरमा पुऱ्याउनुभएको छ । उहाँले गाउनुभएका छठका गीत अहिले पनि वीरगञ्जका विभिन्न छठ घाटहरूमा गुञ्जिरहेका छन्', उनले भने, 'लोकगायिका सिन्हाले भोजपुरीसँगै चर्चित हिन्दी गीतहरू पनि गाउनुभएको छ ।'

प्रतिष्ठानका पूर्वसचिव उपाध्यायले लोकगायिका सिन्हाको निधनले भोजपुरी कला र साहित्य क्षेत्रले अपूरणीय क्षति बेहोरेको बताए । 'सिन्हा जस्तो लोककलाकार पाउन भोजपुरी कला र साहित्य क्षेत्रले अझै धेरै समय कुर्नुपर्ने हुन्छ', उनले भने, 'गीत, साहित्य, सङ्गीतले भूगोल र सीमालाई हेर्दैन । साहित्य, कला र सङ्गीत विश्वसँग जोडिएका विषय भएकाले पनि उहाँको निधनले हामी स्तब्ध भएका छौं ।'

पूर्वसचिव उपाध्यायले सिन्हा भोजपुरी कला र गीतप्रति रुचि र लगाव राख्ने अनुरागी भएको स्मारण गर्दै उनीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरे । लोकगायिका सिन्हाको जन्म भारतको विहार राज्यमा भएको थियो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञसभा सदस्य एवं नेपाल भोजपुरी समाजको सहसचिव अजमत अली अन्सारीले भारतीय लोकगायिक सिन्हाको निधनले भोजपूरी गीतले महान श्रष्ठा गुमाएको बताउँदै उनलाई स्मरण गरे ।

'भारतीय हिन्दी गीत, सङ्गीतमा जसरी लता मङ्गेशकरलाई चिनिन्छ, त्यस्तै गरी भोजपुरी गीतका क्षेत्रमा शारदा सिन्हालाई चिन्ने गरिन्छ', उनले भने, 'सिन्हाले छठका गीत गाएर प्रसिद्धि कमाउनुभयो । छठकै समयमा उहाँको निधन भएकाले गीतका अनुरागीहरूलाई मर्माहत बनाएको छ ।'

भारतीय लोकगायिका सिन्हाले भारतको लब्धप्रतिष्ठित पद्मश्री र पद्मभुषण अवार्डसमेत प्राप्त गरेकी छिन् । उनका एक छोरा र एक छोरी छन् । लोकगायिका सिन्हाको निधनप्रति भारतका प्रधानमन्त्री नरेन्द्री मोदीले सामाजिक सञ्जाल 'एक्स' मा उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् ।



## नरेश श्रेष्ठ स्मृति क्रिकेट

# सुदूरपश्चिमलाई उपाधि




■ प्रभाव संवाददाता

**विराटनगर–** विराटनगरमा जारी नरेश श्रेष्ठ मेमोरियल वाइवाइ पुरुष यु-१९ राष्ट्रिय एक दिवसीय क्रिकेट प्रतियोगिताको उपाधि साविक विजेता सुदूरपश्चिम प्रदेशले हासिल गरेको छ । बैजानाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा बुधबार भएको फाइनल खेलमा सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई ८ रनले पराजित गर्दै उपाधि रक्षा गरेको हो ।

यसअघि सन् २०२२ मा त्रियू क्रिकेट मैदानमा भएको फाइनल खेलमा सुदूरपश्चिमले लुम्बिनीलाई नै पराजित गरी उपाधि जितेको थियो । जितसँगै बिजेता टोलीले रु दुई लाखसहित ट्रफी तथा उपविजेता लुम्बिनीले रु एक लाखसहित ट्रफी हात पारे ।

टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ५० ओभरको खेलमा ३७ दशमलव ३ बलमा सबै विकेट गुमाई एक सय २७ रनको योगफल बनायो । सुदूरका लागि अविशेक थापाले २९ रन बनाउँदा नरेन भट्टले २७ रन, नरेन राउदले १५ रन, राजेश एयेर १४ रन र दीपक रोकयाले ११ रनको योगदान दिए । लुम्बिनीका सन्तोष यादवले ५ विकेट लिए । उनले १० ओभरमा २ मेडन राख्दै २८ रन दिए । त्यस्तै रमेश कुर्मीले ३ विकेट र शिव कुमार १ विकेट लिए ।

एक सय २८ रनको लक्ष्य पाएको लुम्बिनीले ४३ दशमलव १ बलमा सबै विकेट गुमाइ एक सय १९ रन मात्र बनाउन सक्यो । लुम्बिनीका आकाश त्रिपाठीले २२ रन बनाउँदा शिव कुमारले २० रन, विजय कोहरले १९ रन, समिर अलीले १८ रन र सन्तोष यादवले १२ रनको योगदान दिए । सुदूरका प्लेयर अफ द म्याच हेमन्त धामीले ४ विकेट लिँदा सचिन भट्ट र नरेन साउदले २/२ विकेट लिए ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी लुम्बिनीका सन्तोष यादव घोषित भए । यादव उत्कृष्ट बलरसमेत भए । उत्कृष्ट ब्याटर कोशीका सोनु अन्सारी घोषित भए । उत्कृष्ट खेलाडीले नगद रु ५० हजारका साथ ट्रफी तथा उत्कृष्ट ब्याटर र बलरले जनही नगद रु २५ हजारसहित ट्रफी हात पारे । प्लेयर अफ द म्याच सुदूरका कप्तान हेमन्त धामीले पाएको नगद रु तीन हजार पुरस्कार ग्राउण्ड स्टाफलाई वितरण गरे । विजयी तथा अन्य खेलाडीलाई कोशी प्रदेशका पूर्वमूख्यमन्त्री केदार कार्की, क्यानका केन्द्रीय उपाध्यक्ष रोशन सिंह, कोशी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सर्वजित पाण्डे र मोरङ जिल्ला क्रिकेट सङ्घका अध्यक्ष महमद बाबुलगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

## आइसिसी महिला यु-१९ विश्वकप एसिया छनोट

# थाईल्याण्डविरुद्ध नेपालको शानदार जित

■ प्रभाव संवाददाता



**काठमाडौं–** आइसिसी महिला यु-१९ विश्वकपको एसिया छनोटमा नेपालले थाइल्यान्डलाई पराजित गर्दै प्रतियोगतामा सुखद सुरुआत गरेको छ । संयुक्त अरब इमिरेट्स (युएई) को द सेभेन क्रिकेट रङ्गशालामा सम्पन्न खेलमा नेपालले थाइल्यान्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगिताको उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो ।

नेपालले प्रस्तुत गरेको एक सय तीन रनको लक्ष्य पछ्याएको थाइल्यान्ड ११ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै ३५ रनमै समेटियो । थाइल्यान्डका लागि अपिसरा सुवान्चोरथीले १३ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

नेपालका लागि रचनाकुमारी चौधरी एक्लैले चार विकेट लिइन् भने कप्तान पूजा महतो र रिया शर्माले समान दुई/दुई विकेट लिए । त्यसैगरी करिश्मा गुरुङ र मनिषाकुमारी उपाध्यायले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय दुई रनको योगफल तयार पारेको थियो । नेपालका लागि पूजा महतोले सर्वाधिक ३५ रनको योगदान दिइन् । उनले ४० बलमा तीन चौका र एक छक्काको मद्दतले ३५ रन जोडेकी हुन् । यसैगरी सीमाना केसी र सोनी पाखिनले समान १९/१९ रन बनाए ।

थाइल्यान्डका लागि चारुकन साइमाले दुई तथा सुनिसा बोंकोडफोंगम्पाईले एक विकेट लिइन् । यही कात्तिक २९ गतेसम्म चल्ने उक्त प्रतियोगितामा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्षस्थान हासिल गर्ने टोली विश्वकपमा छनोट हुनेछ । नेपालले आज (बिहीबार) आफ्नो दोस्रो खेल कुवेतसँग खेल्नेछ । विश्वकप क्रिकेट प्रतियोगिता अर्को वर्ष मलेसियामा आयोजना हुँदैछ ।

# पोखरामा 'क्रस कन्ट्री दौड' आजदेखि

■ प्रभाव संवाददाता

**गण्डकी–** हिमालयन टुरिजम फोरमको आयोजनामा यही कात्तिक २४ गते पर्यटन राजधानी पोखरामा तेस्रो 'क्रस कन्ट्री दौड' प्रतियोगिता हुने भएको छ ।

नेपाल र मित्रराष्ट्र चीनका खेलाडी सहभागी हुने यो अन्तर्राष्ट्रिय प्रतियोगितामा दौडका विभिन्न चार विधामा प्रतिस्पर्धा गराइनेछ । प्रतियोगिताअन्तर्गत ५० किलोमिटर समूहगत र व्यक्तिगत, विद्यार्थी दौड, पाँच किमी र ह्यप्पी रन समूहमा दुई किमी दौड हुनेछ । समूह विजेताले रु चार लाख ५८ हजार, उपविजेताले रु तीन लाख ४३ हजार, व्यक्तिगत विजेता महिला र पुरुषले समान रु एक लाख ५२ हजार पाउनेछन् ।

विद्यार्थीतर्फको प्रतिष्पर्धाका विजेताले रु ३० हजार पाउँने छ । पचास किमी पर्वतीय दौड पोखराको लेकसाइडस्थित बाराहीघाटबाट सुरु भएर छोरेपाटन, रामदी, फुस्रेखोला हुँदै स्याङ्जाको फेदीखोला, पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दी, शान्ति स्तूपबाट फेवाताल, पामे हुँदै पुनः बाराहीघाट आएर सम्पन्न हुनेछ ।

प्रतियोगितामा सहभागी हुने चिनियाँ खेलाडी विमान चार्टर गरेर पोखरा आउने प्रतियोगिताका संयोजक विश्वशंकर पालिखेले जानकारी दिए । साहसिक खेलकुदको सहरका रूपमा परिचित पोखरामा यो प्रतियोगिताका साथै इन्ड्युरो साइकल रेस, ड्रागन बोट रेस, ट्रयोथलन, प्याराग्लाइडिङलगायत अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन हुँदै आएका छन् । पोखरामा प्याराग्लाइडिङमा जिपलाइन, बञ्जी, अल्ट्रालाइटजस्ता साहसिक पर्यटनका निम्ति पनि चिनियाँ पर्यटक आउने गरेका छन् ।

नेपालमा आउने चिनियाँ पर्यटकमध्ये ४० प्रतिशतले पोखरामा भ्रमण गर्ने होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । क्रसकन्ट्री रेसका लागि चीनबाट सिछुवान विमान सेवाको विमान चार्टर गरेर एक सय ४० जना खेलाडी पोखरा विमानस्थलमा अवतरण गर्ने जानकारी दिँदै अध्यक्ष सुवेदीले पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण पूरा भई सञ्चालन भए पनि हालसम्म अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा विदेशबाट विमान चार्टर गरेर सोझै पोखरामा अवतरण हुनु सकारात्मक भएको बताए ।

प्रतियोगिता नेपाल पर्यटन बोर्ड, राष्ट्रिय खेलकुद परिषद्, पोखरा महानगरपालिका र काठमाडौंस्थित चिनियाँ राजदूतावासको संयुक्त आयोजनामा हुनलागेको हो । प्रतियोगिताका क्रममा भोलिदेखि तीन दिनसम्म 'पोखरा-कुन्मिङ इन्टरनेशनल फ्रेण्डसीप सिटिज लिग' हुनेछ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६८५०० | प्रति तोला - ० | प्रति तोला - २०१५ |



**माहुरी पालन** | चितवनको कालिका नगरपालिका-९ शक्तिखोरस्थित बारीमा किसानले चरणका लागि राखेको मौरीसहितको घार । *तस्बिर: हीरालाल गुरुङ/रासस*

## ‘ऊर्जा क्षेत्रको विकासका लागि भ्रमण उपलब्धिमूलक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालको ऊर्जा क्षेत्रको विकासका आफ्नो भारत भ्रमण उपलब्धिमूलक भएको बताएका छन् । भारतको नयाँदिल्लीमा आयोजित अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्मेलनमा भाग लिएर बुधबार नेपाल फकिएका मन्त्री खड्काले त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा पञ्चेश्वर, अरुणलगायत आयोजनालाई चाँडै अगाडि बढाउने विषयमा भारतसँग सकारात्मक छलफल भएको बताएका हुन् ।

‘नेपाल-भारतबीचमा आयोजना अगाडि बढाउने विषयमा रहेका असहमतिलाई एकआपसमा समन्वय गरी तत्काल अगाडि



बढाउने विषयमा दुई देशबीच सहमति भएको छ’, मन्त्री खड्काले भने । भारतले नेपालका विषयमा धेरै चासो र चिन्ता लिएको पाएको उनले बताए ।

नेपाल सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यलाई कसरी परिपूर्ति गर्ने भनेर भारतका ठूला व्यवसायी र संस्थासँग छलफल गरेको मन्त्री खड्काले जानकारी दिए । उनले अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) सम्मेलनका क्रममा नेपालको सौर्य ऊर्जाको विकासमा आइएसएले सहयोग गर्ने प्रतिबद्धता जनाएको बताए ।

भारत भ्रमणका क्रममा मन्त्री खड्काले भारतका जलशक्तिमन्त्री सिआर पाटिल, अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) का अध्यक्ष एवं भारतका नवीन एवं नवीकरणीय ऊर्जामन्त्री प्रह्लाद वेंकटेश जोशी र विद्युत्मन्त्री मनोहरलाल खट्टरसँग छुट्टाछुट्टै भेट गरेका थिए । मन्त्री खड्काले भारतका ऊर्जामन्त्रीले नेपालमा आउने प्रतिबद्धता व्यक्त गरेको बताए ।

मन्त्री खड्काले जलविद्युत्मा लगानी र काम गर्ने वातावरण बनाउन थप आवश्यकता रहेको बताए । उनले काम गर्ने वातावरण भए नेपालमा भारतका मल्टिपल कम्पनीहरू नेपालको जलविद्युत्का काम गर्न उत्साहित देखिएको उल्लेख गरे ।

## ‘आयोजनाको तयारी फास्ट ट्र्याकमा’

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालन गरिने करिब रु ७२ अर्ब बराबरका पाँचवटा आयोजनाको तयारी ‘फास्ट ट्र्याक’मा गरिने भएको छ ।

अर्थ मन्त्रालयमा बसेको बैठकले पूर्व-पश्चिम राजमार्गको बागमती-पथलैया खण्ड विस्तार, तेस्रो पुल तथा सुधार तथा सम्भार, विद्युत् वितरण प्रणाली आधुनिकीकरण तथा सुधारको आयोजनाको पूर्व तयारी छिटो सम्पन्न गर्ने निर्णय गरेको हो ।

यसैगरी तेस्रो चरणको रानीजमरा कुलरिया सिँचाइ र पहुँच तथा उत्थानशिलताका लागि डिजिटल सेवा रूपान्तरणसम्बन्धी आयोजनाको तयारी पनि फास्ट ट्र्याकमा गर्ने निर्णय भएको छ । विश्व बैंकको सहुलियतपूर्ण ऋण लगानीमा सञ्चालित हुने आयोजनाको सम्बन्धित मन्त्रालयले सरोकारवालासँग छलफल गरी पूर्व तयारी गर्नेछन्, भने आवशयकता अनुसार अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ ।

बैठकले सन् २०२५ को फेब्रुअरीसम्ममा आयोजनासँग सम्बन्धित सबै विषयको टुङ्गो लगाइ पूर्व तयारीका काम सक्ने निर्णय भएको छ । तयारी पूरा भएपछि सन् २०२५ को मार्चमा बस्ने विश्व बैंकको बोर्ड बैठकमा ती आयोजनाका प्रस्ताव पेस गरिने योजना छ ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाको पूर्व तयारीमा विशेष ध्यान दिन र आयोजनाहरू स्वीकृत भएपछि कार्यान्वयनमा तदारुकताका साथ लाग्न निर्देशन दिए । उनले नेपालले आफ्नो आवश्यकता अनुसार सहयोग लिने र अधिकतम प्रतिफल दिने ठाउँमा लगानी गर्ने बताए ।

बैठकमा अर्थ मन्त्रालय, भौतिक तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधि र सम्बद्ध पदाधिकारीको उपस्थिति थियो ।

## मन्ट्रियल पर्यटन मेलामा नेपाल सहभागी

■ प्रभाव संवाददाता

**काठमाडौं–** आर्थिक कूटनीतिका माध्यमबाट मुलुकलाई समृद्धिको मार्गमा अग्रसर गराउने सरकारको नीतिअनुसार देशको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले क्यानडाको मन्ट्रियलमा आयोजित अन्तरराष्ट्रिय पर्यटन मेलामा नेपाल सहभागी भएको छ ।

यही कात्तिक १६देखि १८ गतेसम्म पालिस डेस कंग्रेसमा आयोजित ३४ औँ अन्तरराष्ट्रिय पर्यटन मेलामा नेपालको पर्यटन प्रगवर्द्धनसम्बन्धी सामग्री प्रदर्शन गरिएको थियो ।

ओटावास्थित नेपालको राजदूतावासले पालिस डेस सम्मेलन केन्द्रमा एकल प्रदर्शनीकक्ष खडा गरेर नेपालका प्रमुख पर्यटकीय गन्तव्यबारे जानकारी दिने प्रवर्द्धनात्मक वृत्तचित्र र अन्य प्रचारात्मक सामग्री प्रदर्शन गरिनुका साथै ती सामग्री आगन्तुकहरूलाई प्रदान गरिएको थियो ।

उक्त दूतावासका अनुसार नेपाल प्रदर्शनीकक्षमा हस्तकला, काष्ठकला, थान्का, पश्मिना सल,चिया, कफीलगायत नेपालका प्रमुख निर्यातजन्य सामग्री प्रदर्शन गरिएका थिए । ठूलो सफ्यामा नेपालकक्षमा आएका आगन्तुकहरूले रुचिपूर्वक प्रदर्शनीको अवलोकन गर्नाका साथै नेपालका उत्पादन तथा पर्यटकीय गन्तव्यबारे जानकारी लिएका थिए ।

## भुइँकटहरबाट वार्षिक १५ लाखसम्म आम्दानी गर्दै विष्ट

**धरान (सुनसरी)–** बराहक्षेत्र नगरपालिका-६ का अर्जुन विष्टले २०७७ सालमा नेपाल प्रहरीको सेवाबाट निवृत्त भएपछि सुरुमा वैदेशिक रोजगारीमा जाने सोच बनाएका थिए । तर पछि विदेशमा गर्ने दुःख यही गर्न सके केही उपलब्धि हुन्छ कि भन्ने सोचले उनी कृषि क्षेत्रमा सक्रिय भए ।

अहिले उनलाई तत्कालीन समयमा आफूले लिएको निर्णय सही भएको लागेको छ । तत्कालीन समयदेखि भुइँकटहर खेतीकोमा लाग्नुभएका उनले यसैबाट मनग्गे आम्दानी गरिरहेका छन् ।

हाल उनले एक विघामा भुइँकटहर लगाएका छन् । यसबाट वार्षिक रु १५ लाख आम्दानी हुने गरेको उनले सुनाए । वार्षिक रु एक लाख खर्च खर्च कटाउँदा रु १४ लाखसम्म सजिलै बचाउन सकिने उनको भनाइ छ ।

उनले भने, ‘भुइँकटहरको माग राम्रो छ बजारमा भनेको मूल्य पनि पाइन्छ । गत वर्षभन्दा अझ केही विरुवा थप गरेको छु अर्को वर्ष आम्दानीमा अझै बढ्छ ।’

उनका अनुसार भुइँकटहरको खेतीमा वर्षपिच्छे ठूलो मेहनत पनि चाहिन्न । वर्षमा एक पटक गोडमेल गर्दा पनि राम्रो आम्दानी लिन सकिन्छ । उनले भुइँकटहर प्रतिगोटा रु एक सयदेखि रु एकसय ५० सम्म बिक्री गर्दै आएका



छन् । भुइँकटहर लिन कतिपय व्यापारीहरू फर्ममै आइपुग्ने उनको भनाइ छ ।

अहिले सुनसरीको बराहक्षेत्रमा भुइँकटहरको खेती गर्ने किसानको संख्या सीमित भएकाले बिक्रीका लागि समस्या नभएको उनले सुनाए । उनका अनुसार विरुवा बिक्रीबाट मात्रै वार्षिक रु एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको छ ।

उनले एउटा विरुवालाई रु १० देखि रु २० सम्ममा बिक्री गर्दै आएका छन् । उनको व्यावसायिक भुइँकटहरका लागि नगरपालिकाले अनुदानस्वरूप रु ७७ हजार उपलब्ध गराइसकेको छ । *रासस*

## नेप्सेमा सामान्य अंकको गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा बुधबार सेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव ८८ अंकले ओरालो लागेर दुई हजार छ सय ७५ दशमलव ५१ विन्दुमा आएको छ ।

कारोबारमा सेन्सेटिभ परिसूचक शून्य दशमलव ८१ अंकले घटेर चार सय ७७ दशमलव १८ मा सीमित भएको छ । त्यस्तै, कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक उकालो लाग्दा आठ उपसमूहको ओरालो लागेको छ । कुल एक करोड १६ लाख आठ सय ६९ कित्ता सेयर रु पाँच अर्ब २२ करोड २४ लाख ८६ हजार आठ सय ५१ मा कारोबार भएको छ ।

नेप्सेका अनुसार नारायणी डेभलपमेन्ट बैंकको सेयर मूल्य १० प्रतिशतले बढेको छ । त्यस्तै, बलेफी हाइड्रोपावर नौ दशमलव ९८, पिपुल्स हाइड्रोपावर कम्पनीको नौ दशमलव १२, समृद्धि फाइनान्स कम्पनीको आठ दशमलव ७९ र राप्ती हाइड्रोका लगानीकर्ताले सात दशमलव ८० प्रतिशतले कमाएका छन् ।

कारोबारमा नेपाल फाइनान्स आठ दशमलव २६ प्रतिशतले, कुथेली बुथेली हाइड्रोपावर आठ दशमलव २३, समाज लघुवित्त वित्तीय संस्था छ दशमवल २१, युनाइटेड मोदी हाइड्रोपावर चार दशमवल शून्य तीन र सुपर मादी हाइड्रोपावरको सेयर मूल्य तीन दशमलव ५७ प्रतिशतले घटेको छ ।

सुशासन प्रवर्द्धन गरौं
- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमित विरुद्ध शून्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ